# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti
बु.सं. २५६१, मिला पुन्हि
वर्षः ३५, अङ्कः १०



धर्मकीर्ति विहार पुनः निर्माण गरिदिनु हुने
दाता द्रव्यमान सिं (भाइराजा) तुलाधर



धर्मकीर्ति विहार निर्माण सम्पन्न भएपछि धम्मवती गुरुमांलाई हस्तान्तरण दान गर्नुहुँदै (वि.सं. २०५९ मंसिर ७ गते)






म्यानमार सरकारद्वारा प्राप्त भएको 'सद्धम्म जोतिक धज' उपाधिको पदक धम्मवती गुरुमांले नेतृ आङ साङ सुकिलाई देखाउनु हुँदै




म्यानमारकी नेतृ आङ साङ सुकिलाई धर्मकीर्ति विहारमा स्वागत गर्नुहुँदै

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**1st JAN 2022**

| वर्ष- ३९ | अङ्क- १० | मिला पुन्हि | माघ २०७८ |
|---|---|---|---|





**सुसुखं वत जीवाम – वेरिनेसु अवेरिनो**
**वेरिनेसु मनुस्सेसु – विहराम अवेरिनो**

**वैरीपिनि बिचय् जिपिं अवैरी जुया: सुखपूर्वक म्वानाच्वना । वैर यानाच्वपिं मनुष्यपिं मध्ये जिपिं अवैरी जुया: विहार यानाच्वना ।**

**वैरीहरूको बिचमा म अवैरी भएर सुखपूर्वक बाँचिरहेको छु । शत्रुभाव राखेर बसेका मानिसहरूको बीचमा रहेर पनि म शत्रुताभाव नराखीकन बसेको छु ।**

We live happily indeed, not hating those who hate us among men who hate us we dwell free from hatred.

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

# श्रद्धाञ्जली

*"रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति"*

*"रूप जीर्ण जुया वनी तर नाँ व यानादीगु भिंगु ज्या खँ सदां ल्यना च्वनी"*







**द्रव्यमान सिं तुलाधर (भाइराजा साहु)**

*( बुदिंः वि.सं. १९८८ भाद्र १९ गते, शुक्रवार – मदुगुदिंः वि.सं. २०७८ पौष ६ गते, मंगलवार )*

*नेपाःया बुद्धशासनिक इतिहासय् सदास्मरणीय नाँ ल्यंकाः अस्थिरगु देह तोताः बि.सं. २०७८ पौष ६ गते परलोक जुयादीम्ह द्रव्यमान सिंह तुलाधर (भाइराजा साहु) संसार दुःखं मुक्त जुयाः निर्वाण सुख लाभ याना काये फयेमा धैगु कामना याना च्वना ।*

## ध्यानकुटी विहार दायक परिवार, बनेपा

## मैत्रीकेन्द्र (मेत्ता सेन्टर) परिवार, बनेपा

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय – कीर्ति सधैं अमर रहने छ | – | ४ |
| ३) | भावनामय प्रज्ञा भनेको के हो ? | – सत्यनारायण गोयन्का | ५ |
| ४) | वातमिग जातक | – प्रकाश बज्राचार्य | ८ |
| ५) | उपत्यकामा शाक्यहरू | – भुवनलाल प्रधान | ९ |
| ६) | सहनशीलताको नमूना | – ताराशोभा स्थापित | १२ |
| ७) | श्रद्धाञ्जली | – श्रद्धाचारी | १४ |
| ८) | आदरणीय सद्धम्म जोतिक धज श्री द्रव्यमान सिं (भाइराजा) तुलाधरको सम्झना | – महेन्द्ररत्न शाक्य | १५ |
| ९) | थेरवाद बुद्ध शासनका महान दाता द्रव्यमान सिं तुलाधर (भाइराजा साहु) | – इन्दावती गुरुमां | १८ |
| १०) | बुद्धशासनिक ख्यलय् भाइराजा साहुजी म्वाना हे च्वनी | – कोण्डन्य | २० |
| ११) | दानपति दाता भाइराजा साहु | – भिक्षु राहुल | २५ |
| १२) | पुण्यानुमोदन | – डा. धम्मविजया गुरुमां | २९ |
| १३) | बुकेतया स्वाँ थ्व स्वपासः जिगु दुनुगलंनिसें दिवंगतपिंत श्रद्धाञ्जली नापनापं कामना निर्वाण नं | – डा. चन्द्रेश रत्न तुलाधर | ३० |
| १४) | लुम्बिनीइ च्वंगु झीगु नेवा विहारे भाइराजा साहुजुया योगदान | – प्रा. डा. नरेश मान बज्राचार्य | ३१ |
| १५) | श्री साहुजी द्रव्यमानसिं तुलाधर 'सद्धम्म जोतिक धज' यात श्रद्धाया छपास स्वां | – लोचनतारा तुलाधर | ३४ |
| १६) | अद्‌भुतगु स्वभाव, वय्‌कःयागु | – डा. रीना तुलाधर | ३७ |
| १७) | दगुवहाया छगः जल्ल थीगु नगु – द्रव्यमान सिं तुलाधर जिमि हेनबहम्ह भाइराजा तः बाः | – नःलि बज्राचार्य | ४३ |
| १८) | ज्वःमदुगु कीर्तित जहाँ थिनाच्वन साहु भाइराजाया | – माधवी गुरुमां | ४४ |
| १९) | निब्बाणस्स पच्चयो होतु दाता भाइराजा साहुजुया प्रति लूगु छगू नुगः खँ | – अमृत मान ताम्राकार | ४५ |
| २०) | छप्वः स्वां श्रद्धाया | – नबीन चित्रकार | ४६ |
| २१) | ३६ औं परियत्ति बक्तृत्वकला प्रतियोगिता सम्पन्न | – | ४७ |
| २२) | लुमन्तिया-सः | – प्रमिला बज्राचार्य | ४७ |
| २३) | धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण | – | ५० |
| २४) | गुणानुस्मरण व बिचाःमुँज्या | – | ५१ |
| २५) | उदाय समाजया स्वकवःगु संघदान | – | ५२ |
| २६) | धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ | – | ५३ |

## ▪ सम्पादकीय ▪

# कीर्ति सधैं अमर रहने छ

आफ्नो मन, शरीर र वचनबाट अरुको हीतोपकार गर्ने नियतले निश्वार्थपूर्वक गरिने काम र कुराले छोडिएका सकारात्मक नतिजाहरू समाज, देश र संसारमा सुकीर्तिको रुपमा अमर रहने गर्छ । तर हाम्रो शरीर भने प्रतिपल नाश भएर गइरहेको हुन्छ ।

त्यसैले भनिएको छ –

"रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति"

भावार्थ- "रुप (सजीव र निर्जीव) जीर्ण हुँदै एकदिन (चतुर्महाभूत) माटो, पानी, अग्नी र हावामा मिली विलिन भएर जान्छ । तर त्यही चतुर्महाभूतले बनिएको शरीरको आधार लिई गरिएका असल कार्यहरूको कीर्ति, योगदानहरू र नाम भने यस संसारमा चम्किएर अमर भइरहने गर्छ ।"

यस गाथाको महत्वलाई बुझ्न सक्ने जो कोही व्यक्तिले पनि आफ्नो छोटो जीवनकालमा आफूले सक्दो सामाजिक, धार्मिक एवं मातृभूमीको सेवा गरी अमूल्य समय र अमूल्य जीवनलाई सदुपयोग गर्दै संसारमा अमूल्य योगदानको छाप छोड्न पछि पर्दैनन् । यस्तो व्यक्तिलाई भनिन्छ "चलाक एवं बुद्धिमान" । किनभने यस्तो व्यक्तिले यस वर्तमान जीवनमा असल कार्यरुपी असल बीऊ रोपी मानव समुदायमा सुकीर्तिको अमर छाप छोड्ने गर्छन् । फलस्वरुप उक्त व्यक्तिले यस बीऊको फलले यस जन्ममा मात्र नभई परलोक जीवन समेत सुधार्न सक्षम भइसकेको हुन्छ । यस प्रकारका व्यक्तिहरू आज भोली पनि हामी माझ प्रस्तुत भइरहेका हामीले पाइरहेका छौं ।

उदाहरणको लागि द्रव्यमान सिंह (भाइराजा) तुलाधर, बसुन्धरा तुलाधर सपरिवारलाई लिन सकिन्छ । दाता द्रव्यमान सिं तुलाधरले दक्षिण मोहडामा रहेको धर्मकीर्ति विहारको पुरानो भवन पुनःनिर्माण गरी एक भव्य भवन तयार गरी बुद्ध शिक्षा प्रचार प्रसार गर्ने डबली निर्माण गर्नुभएको छ । यसरी उहाँले यस मनुष्य लोकमा आफ्नो अमूल्य योगदानको कीर्ति छोडी आफ्नो परलोक जीवनको लागि अमूल्य पुण्यरुपी फल लिएर जानुभएको छ ।

धर्मकीर्ति विहार पुनःनिर्माण कार्यको लागि एकल दाता हुनुभई बुद्ध शासन चिरस्थायी कार्यमा अमूल्य योगदान पुऱ्याउनु भएको कारणले यस कार्यको कदर स्वरुप म्यानमार सरकारले उहाँलाई "सद्धम्म जोतिक धज" पदवीले विभूषित गरिएको थियो । स्मरणिय छ म्यानमार सरकारबाट यस पदवी द्वारा विभूषित हुन सफल हाल सम्म उहाँ एउटैमात्र नेपाली उपासक रहनु भएको बुझिएको छ । हाम्रो लागि अति गौरबको कुरा हो यो ।

वि.सं. २०५९ सालमा भवन तयार गरी भिक्षुसंघबाट भव्य रुपमा महापरित्राण पाठ गराई धर्मकीर्ति विहारको पुनःनिर्मित भवन बुद्ध शासनको लागि सुम्पिनु भएका दाता द्रव्यमान सिं तुलाधरले यसरी नै बुद्ध शासनका लागि कतिपय अन्य विहारहरू पनि निर्माण गरी पुण्य सञ्चय गर्नु भएको छ । फलस्वरुप उहाँले आफ्नो जीवनकालमा अमूल्य कीर्ति छोडी मिति २०७८ साल पौष ६ गते मंगलवारका दिन ९१ वर्षको उमेरमा परलोक हुनुभएको छ ।

मानिस जन्मिएपछि एकदिन मृत्यु अवश्यम्भावी छ । "अध्रुवं मे जीवितं ध्रुवं मे मरणं" अर्थात् सदा बाँच्न पाउनु अनिश्चित छ भने एकदिन यो शरीर त्यागेर जानुपर्ने निश्चित छ । प्रकृतिको यस नियमलाई कसैले उल्लंघन गर्न सक्दैन । उहाँको चतर्महाभूतले बनिएको शरीर चर्तुमहाभूतमा नै बिलिन भएपनि उहाँको सुकीर्तिहरू भने यस धर्तीमा चम्किरहने छन् । जतिपनि विहारहरू उहाँले निर्माण गरेर जानुभएको छ, ती विहारहरूमा स्थापित शिलापत्र रहुन्जेल उहाँको नाम र कीर्ति (Name and Fame) सदा अमर भइरहनेछन् भन्दा अत्युक्ति हुनेछैन ।

भवतु सब्ब मंगलम् ।

# भावनामय प्रज्ञा भनेको के हो ?



– सत्यनारायण गोयन्का

प्रज्ञाका तीन तह छन् । पहिलो तहलाई श्रुतमय प्रज्ञा भनिन्छ, दोस्रोलाई चिन्तनमय प्रज्ञा र तेस्रोलाई भावनामय प्रज्ञा भनिन्छ । कोही महापुरुषले आफूले अनुभव गरेको ज्ञानको व्याख्यालाई हामीले सुनेर ज्ञान प्राप्त गऱ्यौं भने त्यो श्रुत ज्ञान भयो । कसैको वाणी कुनै किताबमा वा पत्र पत्रिकामा हामी पढ्छौं, यसरी पढेको अथवा सुनेको ज्ञान हाम्रो आफ्नो ज्ञान होईन तर श्रद्धाले हामी स्वीकार गर्दछौं । जुन महापुरुषले भनेको हो, उन प्रति हाम्रो अगाध श्रद्धा छ, उनको वाणी प्रति श्रद्धा छ भने हामी त्यस ज्ञानलाई सहज पूर्वक स्वीकार गर्दछौं । कसै प्रति धेरै पहिलादेखि श्रद्धा थियो, सानोदेखि नै श्रद्धा राख्दै आएको थियो भने उनको वाणीलाई हामी सहजै स्वीकार गर्दछौं । त्यस विषयमा हाम्रो केही अनुभव छैन, केही जानेका छैनौं भने पनि श्रद्धाले स्वीकार गर्दछौं ।

कहिले काहीं यस्तो पनि हुन्छ कि अधिक श्रद्धा भएको कारण स्वीकार त गर्छौं तर मनमा शंका अथवा तर्क रहीरहेको हुन्छ कि यो त ठीक होईन, नमिल्दो छ, यसलाई कसरी मान्न सकिन्छ र ? यदि यस्तो शंका अथवा तर्कलाई आफ्ना मान्यजन अथवा समाजका बुजुर्गहरूसंग प्रश्न-प्रतिप्रश्न गऱ्यौं भने उनीहरू झस्किन्छन् कि ओहो यस्ले त शंका गऱ्यो, हाम्रो महापुरुषको वाणी प्रति शंका गऱ्यो, हाम्रो धर्मग्रन्थको वाणी प्रति शंका गर्ने भनेर सबैले गाली दिन थाल्छन् । उसलाई धम्की दिन थाल्छन् कि यस्तो तर्क-वितर्क, शंका-उपशंका गऱ्यो भने घोर नर्कमा जन्म हुन्छ, यस्तो नर्कमा कि जहाँ एउटा ठूलो कुम्भमा राखेर पकाउँनेछ, यस्तो दण्ड दिनेछ, त्यस्तो दण्ड दिइनेछ । यस्तो भयानक दण्डको कुरा सुनेर डरले तर्सिन्छ र आँखा चिम्लेर ती सबै कुरा सहजै स्वीकार गर्दछौं ।

समाजका यी नेताहरू फेरि आश्वासन दिंदै भन्छन् कि हाम्रो शास्त्रहरूमा लेखिएको तर्क-वितर्कलाई जस्तो छ त्यस्तै मान्यो, पालना गऱ्यो भने मृत्यु पछि स्वर्गमा जन्म हुनेछ । स्वर्गको बयान अनेक तरहले गर्न थाल्छन् कि स्वर्ग जहाँ यस्तो अप्सराहरू हुनेछन, यस्तो रस पीउन पाउनेछन्, यस्तो स्वर्ग-त्यस्तो स्वर्ग आदि-आदि । स्वर्गको बयानले त्यस्तो आनन्द भोग गर्न लालायित हुन्छौं र शास्त्रको कुरा मान्दैमा यस्तो स्वर्ग सुख प्राप्त हुन्छ भने किन नमान्ने ? अतः आँखा बन्द गरेर यी शास्त्रको कुराहरू मानिरहेकै हुन्छौं । कुनै कुरा स्वर्गको लोभले भने कुनै कुरा नरकको भयले मानिरहेछौं, कसैले अनुभव गरिरहेका छैनौं । अनुभव गर्नु धेरै टाढाको कुरा भयो । यो श्रुतज्ञान भयो ।

सुनेको ज्ञान सधैं हानीकारक नै हुन्छ भन्ने छैन । कल्याणकारी तथा लाभदायी पनि हुनसक्छ । श्रतुज्ञानले हाम्रो मनलाई प्रेरणा दिन्छ । मार्गदर्शन दिन्छ । यदी समझदार व्यक्ति छ भने यस प्रेरणाले उसले अर्को कदम पनि उठाउनेछ जुन कदमलाई चिन्तनमय प्रज्ञा भनिन्छ । आजसम्म जुन सुनेको थियो, जुन पढेको थियो त्यस बारेमा बिचार गर्छ, विमर्श गर्छ, मनन गर्छ । चिन्तन-मनन गर्नु मानिसको स्वभाव हो । यसरी विचार गरि हेर्दा तर्क गरेर हेर्दछ, बुद्धिले जाँचेर हेर्छ कि यी जुन मैले अध्ययन गरेको तथा सुनेको कुराहरू कत्तिको तर्क-संगत छ, बुद्धि संगत छ, युक्तिसंगत छ ? के यी कुराहरू सही अर्थमा पालन गर्न लायक छन् ? लायक छ, सही छ भने त्यसलाई स्वीकार गर्छ ।

तर कहिले काहीँ यस्तो पनि हुन्छ कि जो व्यक्ति जुन परिवारमा जुन परिवेशमा हुर्केको छ त्यस परिवारको मान्यता अथवा परम्परालाई सुन्दा सुन्दै उसको बुद्धिमा, उसको मनमा त्यस मान्यताको प्रति एकदम श्रद्धा भइसकेको हुन्छ तब बुद्धिले जाँचेर हेर्दा पनि त्यही परम्परा, त्यही मान्यता सही लाग्दछ, त्यही राम्रो लाग्छ । यस परम्परामा के गल्ती छ र ? सारा तर्क-सारा चिन्तन यसै पक्षमा हुन्छ कि यो मान्यतालाई कसरी सिद्ध गरुँ ? के तर्क दिऊँ ?

किनभने यो त केवल बुद्धिको स्तरसम्म मात्र भयो । बुद्धिको आफ्नै निश्चित सीमा हुन्छ, तर्कको आफ्नै सीमा हुन्छ । एउटै कुरा आज तर्क संगत लागे तापनि भोलि त्यही कुरा असंगत लाग्न सक्छ । बुद्धिले एउटा कुरालाई स्वीकार गरेको छ, मानेको छ भने त्यो केवल त्यही क्षेत्रसम्म मात्र सीमित हुन जान्छ, त्यस ज्ञानलाई अनुभव गरेको छैन । श्रतुज्ञान पनि अरुको ज्ञान हो, चिन्तन ज्ञान पनि पराईको ज्ञान हो र पनि हामीले श्रद्धाले, तर्कले स्वीकार गर्‍यौं तर अनुभवले होईन ।

प्रज्ञाको तेस्रो तह हो भावनामय प्रज्ञा । चिन्तन पछि यस तहमा पाईला टेक्यो भने राम्रै भयो । तर कहिले काहीं केवल सुनेर वा पढेर मात्रै म जस्तो ज्ञानी कोही छैन भनेर घमण्ड गरेर रहन्छ । म जस्तो जान्ने को छ भनेर घमण्ड गर्छ । वास्तवमा जानीरहेको छैन मानीरहेको मात्र छ । म त यो विषयमा प्रवचन दिन सक्छु, किताब लेख्न सक्छु भन्ने घमण्ड छाएको हुन्छ । चिन्तन-मनन गरेर प्राप्त भएको ज्ञानलाई स्वीकार गरेर त्यस माथि घमण्ड चढ्यो भने त झन् कठीन हुन्छ ।

स्वयं आफूले अनुभव गर्ने प्रेरणा नै आएन जुन श्रतुज्ञान हाम्रो लागी कल्याणको कारण बन्नु पर्दथ्यो, हाम्रो लागी मार्गदर्शन दिनु पर्दथ्यो, जुन श्रुतज्ञान पछि चिन्तन-मनन उत्पन्न हुनु पर्थ्यो । यही चिन्तन-ज्ञान हाम्रो मंगलको कारण, कल्याणको कारण बनेर भावनामय प्रज्ञा जगाउने मार्गदर्शन दिनुपर्दथ्यो । वास्तवमा भावनामय प्रज्ञा द्वारा नै हाम्रो कल्याण हुन्छ ।

भावनामय प्रज्ञा भनेको के हो ? २५०० वर्ष पूर्वको प्रचलित भाषा बदलिंदै गयो, शब्दको अर्थ बदलिंदै गयो । आजकल 'भावना' शब्दको अर्थ भावुकता जस्तो सेंटिमेंटल भन्ने अर्थमा प्रयोग गरिन्छ । २५००-२६०० वर्ष पहिले यस शब्दको अर्थ यस्तो थिएन । जुन अनुभवले जानिएको छ, बार-बार, पटक-पटक अनुभव भइरहेको, भावित भइरहेकोलाई भावना भनिन्थो "**भावितो बहुलीकतो, भावितो बहुलीकतो**" । सत्येको अनुभव बार-बार, पटक-पटक अनुभव हुँदै हुँदै त्यसको बारेमा पूर्णतः थाहा पाउँदछ । यही भावनामय प्रज्ञा हो । यो ज्ञान आफ्नो ज्ञान हो । आफू स्वयंले अनुभव गरेर प्राप्त भएको ज्ञान हो । यही ज्ञान वास्तवमा हाम्रो लागि कल्याणकारी हुन्छ, यसैले मुक्ति मार्ग तर्फ अघि बढ्न प्रेरणा दिन्छ । विकारबाट मुक्ति दिलाउँछ । दुःख बन्धनबाट यसैले मुक्ति दिलाउँछ । यही भावित प्रज्ञा हो । प्रज्ञा शब्दको अर्थ प्रत्यक्ष ज्ञान हो ।

सुनेको र मनन गरेको ज्ञान प्रत्यक्ष ज्ञान होईन । परोक्ष ज्ञान हो । अरूको ज्ञान हो । भावनामय प्रज्ञा प्रत्यक्ष ज्ञानबाट प्राप्त हुन्छ । आफूले अनुभव गरेको ज्ञान हो । शुरूमा अनुभव निश्चित सीमासम्म भए पनि अनुभव गर्न त योग्य भयो । भित्रको सत्य जति जति अनुभव हुँदै गयो त्यति त्यति नै भावित प्रज्ञा पुष्ट हुन्छ । अगाडि बढ्दै गयो, पटक-पटक अनुभव गर्दै गर्दै अगाडिका सूक्ष्म-सूक्ष्म सत्यको अनुभव हुँदै जान्छ । यसरी नै अगाडि बढ्दै जाँदा शरीर र चित्तको सम्बन्धमा जति पनि सत्य छन् ती सम्पूर्ण सत्यको अनुभव हुन थाल्छ । स्थूल भन्दा स्थूल सत्यदेखि सूक्ष्म भन्दा सूक्ष्म सत्यको अनुभव हुन थाल्छ । शरीरको प्रपञ्च, चित्तको प्रपञ्च र यी दुबैको सम्बन्धबाट बनेको जीवन-धाराको बारेमा स्पष्ट हुन थाल्छ र चित्त बिस्तारै विकारबाट मुक्त हुँदै जान्छ ।

शरीर र चित्तको जुन सम्बन्ध छ, जुन क्षेत्र छ त्यो अनित्यको क्षेत्र हो । साधक अनुभव गर्दछ कि यी दुबै क्षेत्र अनित्य छन् । यी उत्पन्न हुन्छन् र तुरून्त नष्ट हुन्छन् । उदय हुन्छन् र व्यय हुन्छन् । यसरी अनित्यको अनुभव गर्दै गर्दै यस शरीरको प्रति आसक्ति छुट्दै जान्छ । यसको प्रति रहेको राग, द्वेष हट्दै जान्छ र विकारबाट मुक्त हुँदै जान्छ, चित्त निर्मल हुँदै जान्छ । चित्त जति जति निर्मल भयो त्यति नै तीक्ष्ण हुँदै जान्छ, भेदन गर्नसक्ने हुन्छ र जहाँ जहाँ स्थूल धनीभूत सत्य अगाडि आउँछ चाहे त्यो शारीरिक सत्य होस् चाहे चैतसिक सत्य होस् त्यस धनीभूत सत्यलाई भेदन गर्दै, छेदन गर्दै, विघटन गर्दै-गर्दै विभाजन गर्दै गर्दै सूक्ष्म-सूक्ष्म अवस्थासम्म लैजान्छ । यस अवस्थामा पनि जुन विकार संग्रह बाँकी छन् ती सबैको निष्कासन गर्दैगर्दै अनित्यताको सम्पूर्ण क्षेत्रको बारेमा जानकारी प्राप्त हुन्छ । यस कारण भित्र जुन राग तथा द्वेष उत्पन्न हुने प्रक्रिया थियो, त्यसको स्वभाव छुट्छ । यस शरीरको प्रति जुन आसक्ति थियो, जुन मोह थियो, यसको प्रति रहेको अज्ञान छुट्छ र चित्त निर्मल हुँदै हुँदै यस अवस्थासम्म पुग्छ कि अनित्यका सारा क्षेत्रलाई छोडेर यस भन्दा अर्को छेउको नित्य अवस्थाको साक्षात्कार हुन पुग्छ । शाश्वत अवस्थाको दर्शन हुन्छ, ध्रुवको साक्षात्कार हुन्छ । जुन अमर छ, अजर छ । कहिले नष्ट हुँदैन, उत्पन्न

हुँदैन । यसरी दुवै क्षेत्रको बारेमा थाहा हुन्छ । प्रज्ञा सफल भयो । श्रुतमय प्रज्ञा यति काम गर्न सक्दैन । चिन्तनमय प्रज्ञा यति अनुभव गर्न सक्दैन । यी दुवै प्रज्ञाले मार्ग दर्शन दिन सक्छ । अनुभवले प्राप्त प्रज्ञा भएमा नै मुक्त अवस्थासम्म जान सकिन्छ । लाभ त यसैबाट मात्र हुन्छ ।

भनौं, एकजना मान्छे एकदम भोकाएको थियो । खाना खानको लागि कुनै भोजन गृहमा गए, त्यहाँ पकवानले लिष्ट ल्याएर दिए र उसले पढे । उसले थाहापाए कि आज त यहाँ एकदम स्वादिष्ट खाना तयार छ, खाऊँ खाऊँ लाग्यो, मुखमा पानी आयो ।

एकछिन पछि यो-यो खाना ल्याउनु भनेर अर्डर गरेर एकछिन त पर्खनुनै पऱ्यो, पर्खंदै यसो यताउता फर्केर हेऱ्यो । अरू अगाडि आएकाहरूले भोजन खाई रहेको देख्यो । कस्तो मीठो मानेर खाइरहेछ साँच्चै खाना त स्वादिष्ट होला भन्ने सोच्यो ।

एकछिन पछि खाना ल्यायो र स्वयंले खान थाल्यो । पहिलो श्रुतज्ञान थियो, मीनूमा लेखिएको, त्यो कागजमा लेखिएको थियो कि खाना यस्तो छ यस्तो छ, त्यो पढेर मुखमा पानी त आयो तर स्वाद लिन पाएको थिएन, यसबाट पेट भरीदैन । दोस्रो चिन्तन ज्ञान हो । अरूले खाएको हेरेर सोच्दछ, बुद्धिले जाँचेर हेर्दछ कि खाना मीठो जस्तो छ, स्वादिष्ट खाना खाँदा चेहरामा देखिने भावलाई हेरेर अनुमान गरिरहेछ कि खाना अवश्य स्वादिष्ट होला । मुखमा पानी त आयो होला तर पनि खान पाएको थिएन भोक त यसले भरीदैन । जब स्वयंले खाना खान्छ तब मात्र पेट भरिन्छ । फाईदा त यसले मात्र हुन्छ । यही भावनामय प्रज्ञा भयो ।

कुनै कुनै कुरा उदाहरणबाट बढी स्पष्ट हुन्छ । एउटा अर्को उदाहरण लिऊँ । कोही बिरामी मान्छे डाक्टर कहाँ देखाउन गए । डाक्टरले उसलाई जाँचेर रोगको बारेमा बताए र औषधी दिएर यो औषधी यति बेला खानु भनेर कागजमा लेखी दिए । रोगी अब औषधी खायो भने रोग निको हुन्छ भन्ने सोची खुसी भएर घर फर्के । डाक्टरको प्रति उनको अगाध श्रद्धा थियो । हुनु पनि पर्छ, श्रद्धा नै छैन भने कोही डाक्टर, बैद्यलाई कसरी उपचार गराउन सकिन्छ र तर श्रद्धा अन्ध बन्यो भने उपचार हुँदैन ।

बिरामी घर गएर त्यस डाक्टरको फोटो अगाडि राखेर, धूप दीप जलाएर बडो श्रद्धाले नमस्कार गर्दै त्यस औषधीको पुर्जाको पाठ गर्न थाल्यो भने के लाभ हुन्छ ? के उपचार हुन्छ ? अन्धश्रद्धा को कारण आफूले के गर्दैछु भन्ने नै नबुझि त्यसको पाठ गरेर रोगबाट कसरी मुक्ति हुन्छ । डाक्टर प्रति श्रदा थियो उसको कुरा सही लाग्यो त्यो त ठीक हो । तर औषधी सेवन नगरिकन पागल झैं त्यसको पाठ गरिरहेछ ।

फेरि एउटा अर्को उदाहरण, एकजना रोगी डाक्टर कहाँ देखाउन गयो उसलाई पनि त्यस्तै औषधिको नाम लेखिदियो । रोगी घरमा आएर सोच्दछ कि यस औषधीले मेरो रोग कसरी निको हुन्छ । ऊ फेरि डाक्टर कहाँ गएर तर्क वितर्क गर्दछ कि म कसरी ठीक हुन्छु ? डाक्टरले उसलाई राम्ररी बुझाउँछ कि तिमीलाई यस्तो रोग लागेको छ र त्यस रोगको मूल कारण यो छ । यो औषधीले यो मूल कारणको निवारण हुन्छ र रोग आफै निर्मूल हुँदै जान्छ । रोगी खुसी भयो र ओहो मेरो डाक्टर त कति बुद्धिमानी, कति समझदार, मलाई यस्तो औषधी दिए कि मेरो रोग त जरैसम्म निर्मूल हुनेछ । रोगको कारण खतम भयो भने रोग कहाँ रहला । ओहो ! मेरो डाक्टर, ओहो ! मेरो डाक्टर । केवल डाक्टरको तारीफ मात्र गरी रह्यो, औषधी सेवन गरेन भने रोगबाट कसरी मुक्ति हुन्छ ? कस्तो पागल पन ?

वास्तवमा यस्तै हुन्छ, जब कोही महापुरुषले संसारका मानिसहरूलाई दुःखी देखेर रोगी देखेर बडो करुणा पूर्वक यसबाट मुक्त हुन धर्म सिकाउँछ । यो विद्या सिक्यो भने दुःखबाट मुक्त हुन्छ, भन्छ । तर त्यसको सेवन नै गर्दैन । पागल ब्यक्ति झैं त्यस महापुरुषको मूर्ति बनाएर, उसको चित्र बनाएर त्यसमा फूल, दीप, नैवैद्य चढाएर बडो श्रद्धाले पूजा अर्चना गर्दछ । यस्तो गर्नु कुनै दोष होईन तर उसले दिएको विद्या पनि सेवन गर्नु पऱ्यो नि । शिक्षा नै लिएन भने त सँधै दुःखीको दुःखी नै भयो । फेरि माथि दिएको उदाहरण झैं कोही आपसमा झगडा गर्छन् कि हाम्रो महापुरुष साच्चैको महापुरुष तिमीहरूको महापुरुषमा यस्तो गुण छैन, यही सही महापुरुष हो । हाम्रो महापुरुषले सिकाएको विद्या नै सही हो, उहाँले सिकाएको धर्म नै सही, त्यही युक्तिसंगत छ, न्यायसंगत छ, कल्याणकारी छ आदि-आदि । तिम्रो महापुरुषले सिकाएको धर्ममा यो मिल्दैन, न्याय संगत छैन, तर्क संगत छैन आदि-आदि ।

*( क्रमशः ३० पेजमा हेर्नुहोला )*



# वातमिग जातक

✍ प्रकाश बज्राचार्य

राजाको बगैंचा अति भव्य थियो। राम्रा राम्रा फूल र मीठा मीठा फलहरूले भरिएको थियो। ठूला ठूला रूख, थरि थरिका बोटहरू चारैतिर थिए। घाँस सधैं साना साना हुने गरी काटिराख्थ्यो। बोट विरुवाहरू रंग, वास र उचाई अनुसार ठाउँ ठाउँमा लगाएका थिए। झाडी उम्रन पाउँदैनथ्यो। झरेका पातहरू, खसेका फलहरू र मुर्झाएका फूलहरू देखिंदैनथ्यो। र बगैंचाको यस्तो भव्यताको जिम्मेवार थियो संजय माली। उ आफ्नो जिउ ज्यान लगाउँथ्यो राजाको बगैंचा मनोरम पार्न।

बेलाबखतमा बगैंचामा फलेका रसिला फलफूलहरू संजय मालीले राजाकहाँ चढाउन ल्याउँथ्यो। एकदिनको कुरो। फलफूल चढाउन ल्याउने संजय मालीलाई राजाले सोधे, "माली ! हाम्रो बगैंचामा त खुबै मिठा फलहरू फल्दा रहेछन्। तिमीलाई त्यत्रो ठूलो बगैंचा सम्हाल्न गाह्रो त लाग्दैन ?"

"लाग्दैन महाराज ! म आफ्नो कामदेखि पूर्ण सन्तुष्ट छु।"

"फूलहरू कत्तिका फुल्छन् नि ?" राजाले सोधे।

"बगैंचा धपक्कै छ थरिथरिका फूलहरूले गर्दा। सरकार पनि एकपल्ट सवारी होइबक्सियोस् न।" संजयले प्रार्थना गरे।

"आउँछु नि ! केही कठीनाई त परेको छैन हैन तिमीलाई ? चराचुरुङ्गी पशुपंक्षीहरू दुःख त दिंदैनन् तिमीलाई ?" राजा राम्रो मुडमा थिए।

"दिंदैन, महाराज। अँ, एउटा कुरो सम्झें। आजभोलि बगैंचामा एउटा अति राम्रो वातगामी मृग आउने गर्छ ? तर म देख्यो कि भागिहाल्छ।"

"वातगामी मृग ! यी मृगहरू त अति दुर्लभ मृग हुन्। मान्छेको सामु नै पर्दैनन्। होइनन् र ?"

"हो, महाराज सत्य हो।"

"संजय ! के तिमीले त्यो मृग मलाई ल्याइदिन सक्छौ ? के यो असम्भव काम तिमी गर्न सक्छौ ?" राजाले सोधे।

"असंभव केही छैन, महाराज। केही दिन भित्रै म त्यो मृगलाई यो दरवार भित्रै ल्याइदिन्छु। बरू मलाई केही मह चाहिन्छ।" संजयले वचन दिए।

भोलिपल्ट संजय गएर बगैंचाका घाँसहरूमा मह लगाइदियो। मीठो घाँस खान पाएर त्यो मृग पनि पल्के। हुँदा हुँदा त्यो मृग मान्छेदेखि नडराउने भयो। संजयको अगाडि अगाडि आई घाँस खान आउने भयो। केही दिनपछि मालीको हातमा रहेको मह लिप्त घाँस खान नहिचकिचाउने भयो।

थोरै दिनपछि अब त मैले यो मृगको विश्वास जितिसकें भन्ने लागिसके पछि संजय मालीले बाटोभरि त्यस्तै घाँसहरू छरी मृगलाई डोऱ्याउँदै राजाको दरवारभित्र लगे। मृग भित्र पुग्नासाथ उम्कन नपाओस् भनेर चारैतिरका झ्याल ढोकाहरू बन्द गरिए। बिचरा मृग फस्यो नराम्रोसंग।

राजा आए। विवश विचरा मृगलाई देखे। अनि बाध्य भए ऊ– "साँच्चै संसारमा रस तृष्णाभन्दा खराब अरू केही छैन। कुनै मान्छेको सामु देखा पनि नपर्ने वातगामी मृग आज रस तृष्णामा बाँधिएर यहाँ फस्न आए। कस्तो तृष्णा हो यो जसमा फसेर आफ्नो प्राण पनि खतरामा पार्न हिचकिचाउँदैन। धिक्कार छ यस्तो तृष्णालाई !"

राजालाई माया लागेर त्यो मृगलाई फेरी जंगलमै छोड्न पठाए।

यो जातक भगवान् बुद्धले काम तृष्णामा फसेर भिक्षुत्व त्याग गर्ने चुल्ल पिण्डपातिक तिष्यको सम्बन्धमा भन्नुभएको थियो। यसमा राजा स्वयं बोधिसत्व थिए। ■



# उपत्यकामा शाक्यहरू

✍ भुवनलाल प्रधान

ई.पू. छैठौं शताब्दी ताका अथवा त्यसभन्दा अगाडि नेपाल र भारतको बीच व्यापारिक र सांस्कृतिक सम्बन्ध कायम भइसकेको आभास मिल्दछ। अति प्राचीन समयदेखि तराईका मैदानहरू र नेपालका पर्वतीय उपत्यकाहरूको बीच अन्तरक्षेत्रीय आवत-जावत रहिआएको तथ्य पनि स्वतः सिद्ध छ। मूलसर्वास्तिवाद विनय सङ्ग्रहमा कपिलवस्तुबाट शाक्यहरू आजकालको काठमाडौं उपत्यकामा आएको बारे लेखिएको चर्चा माथि भइसकेकै छ।

त्यस ग्रन्थअनुसार केही भिक्षुहरू पहिलो पल्ट व्यापार गर्न आउने महाजनहरूसित यहाँ उपत्यकामा आएको भगवान् बुद्धको जीवन कालमै थियो। यो घटना कोशलराज विडूडभबाट कपिलवस्तको विनाश गरिनु अगाडिको थियो। भिक्षुहरूको यो दलमा केही शाक्यहरू थिए। उपत्यकावासीहरूले यहाँ चीवरधारी भिक्षुहरूलाई देखेको यो पहिलो पल्ट हुनुपर्दछ। शाक्यहरू यहाँ दोश्रो पल्ट आएको घटना कपिलवस्तुको पतन भएको केही समयपछिको थियो। यस पटक आएका शाक्यहरू विशेष गरेर भिक्षु आनन्द अर्थात् भगवान् बुद्धकै परिवारका थिए। यिनीहरूकै अनुरोधमा यिनीहरूसित भेटघाट गर्न नै भिक्षु आनन्द यहाँ आएका थिए।

त्यस सूत्रमा अर्को कुरा के भनिएको छ भने भारतीय महाजनहरूले भारत फर्कनु अगाडि आफ्ना गाडाहरूमा ठूलो मात्रामा ऊन र हरिताल लाद्दथे र यसरी तिनको निकासी गरेर लैजान्थे।

यसरी मूलसर्वास्तिवाद विनय सङ्ग्रहमा दिइएको वृत्तान्त अनुसार ईसवी पूर्व छैठौं शताब्दीमा नै शाक्यहरू पटक पटक कपिलवस्तुबाट काठमाण्डौं उपत्यकामा बसाइँ सर्न आइसकेका थिए। यहाँ बस्ने भिक्षुहरूले हावापानीको कारण जुत्ता लाउने गरिसकेका थिए र विनयका कडा नियमहरू परिस्थिति अनुसार हेरफेर गर्नु परेको थियो तथा भारतबाट बौद्ध भिक्षुहरू र साहूमहाजनहरू स्वच्छन्द रूपले बराबर यहाँ आउने गर्दथे।

शाक्यहरूको बसाइँ सराइ भगवान् बुद्ध निर्वाण भएको ऐतिहासिक साल ई.पूं ४८३ साल पछि पनि जारी नै रह्यो। लङ्काको महावंश अनुसार सम्राट अशोकले आफ्नो राज्यकालको अन्त्यतिर (ई.पू. २३० ताका) हिमालय भेकमा धर्म प्रचार गर्न मज्झिम स्थविरको नेतृत्वमा पाँच जना स्थविर–मज्झिम, कस्सपगोत्र, मूल देव, सहदेव र दुन्दुभिसारको एउटा शिष्ट मण्डल पठाएका थिए। यी स्थविरहरूमध्ये प्रत्येक हिमालयको छुट्टा छुट्टै इलाकामा गएका थिए। एक जना स्थविर चाहिं नेपालमा अर्थात् आजकालको काठमाण्डौं उपत्यकामा आएर यहाँका आदिवासी किराँत र नेवारहरूमा बुद्ध धर्म (अर्थात् स्थविरवाद बुद्ध धर्म) प्रचार गरेको देखिएकोछ। स्थविर मज्झिम (मध्यम) को नाउँको साथसाथै उनका सहयोगी स्थरविर कस्सप (काश्यप) को नाउँ अङ्कित भएको एउटा अभिलेख साँचीको नगीचै रहेको एउटा स्तुपको उत्खनन्को सिलसिलामा जनरल कनिङ् हामले भेट्टाएका थिए। यस शिला अभिलेखमा यसो लेखिएकोछ, "यी हुन् (अस्थिहरू) सम्पूर्ण हिमवत खण्डका गुरु कस्सपको परिवारका सज्जनका।"

(जनरल कनिङहाम - द भिल्ला तोप्स्)

स्थविर कस्सप उपत्यकामा आएको धेरै सम्भावना छ। जे होस काठमाण्डौं उपत्यकामा बुद्ध धर्मको प्रवेश अशोकीय धार्मिक मण्डलको प्रचारबाट भएको हुनु पर्दछ। यस तथ्यले मैदानमा रहने शाक्यहरूलाई अरू बसाइँ सर्न सुबिधा भएको र उत्साहित गरेको हुनु पर्दछ। शाक्यहरू र अरू बौद्धहरू उपत्यकाभित्र बसाइँ सर्न आउने क्रम ई.पू. १८५ सालसम्म जारिरह्यो। यही ताका पुष्य भित्र शुङ्ग उत्तर भारतीय मैदानमा सत्तामा आए तथा उनले मौर्य साम्राज्यलाई मात्र ध्वस्त पारेको होइन कि बौद्ध धर्मलाई नै दमन गर्न लागे। फलस्वरूप काठमाण्डौं

उपत्यकामा श्रमण र गृहस्थी दुबै थरी बौद्धहरूको ओइरो लाग्यो । संक्षेपमा उपत्यकामा शाक्यहरू ठूलो संख्यामा आवाद हुन आएको कारण यही हुन पर्दछ ।

कपिलवस्तुको संस्थापनको सिलसिलामा हामीहरूले कोलिय गणराज्य अर्थात् देवदह राज्यका शाक्यहरू कपिलवस्तुका शाक्यहरूदेखि भिन्नै 'शाक्यवंश' कहिए भन्ने कुराबारे छलफल गरिसकेका छौं । अहिले पनि उपत्यकाको दोस्रो शहर ललितपुर अर्थात् पाटनमा 'शाक्यवंश' थर भएका शाक्यहरू एक थरी छन् । आजकालको ललितपुर नै किरात कालमा, अशोक कालमा र त्यसपछि पनि बौद्धधर्मको प्रमुख थलो रहेको थियो । सम्भवतः उपत्यका भित्र बुद्ध धर्म सर्वप्रथम प्रचार भएको इलाका यही हो । ललितपुरका यी शाक्यवंशहरूले कोलिय गणतन्त्रका प्राचीन शाक्यवंशहरूसित आफ्नो सम्बन्ध भएको दाबी गर्दछन् ।

उपत्यकामा समय समयमा बसाइँ सर्न आएका शाक्य र शाक्यवंशहरूले निर्बिंध्न रूपले बौद्धधर्मको अनुशरण गरे तथा आफूहरूले सकेसम्म वा यहाँको परिस्थितिले दिएसम्म शील र विनयका नियमहरू पालन गरे । तर पछि गएर यहाँ महायानीमतले प्रभुत्व जमाउँदै ल्यायो । शाक्यहरू यसको प्रभावमा आए । त्यसो त अरू जात वा जातिका बौद्धहरू पनि अधिकांश महायानी नै भए । शाक्यहरूले बिस्तार बिस्तारै आफ्नै निवास्थानहरूकै माझमा चैत्यहरू बनाउन लागे । यसरी बनेका चैत्यहरू नै बाहाल कहिए हुनन् । बस्ती बाहिर स्थापना गरिएका चैत्यहरू बही भनिएको भान हुन्छ । कालान्तरमा चिभा- (चैत्य), बहाल, बही आदि थरी थरीका महायनी विहारहरूको प्रादुर्भाव भयो । प्रारम्भमा यिनीहरूमा मठाधीश जस्तो मुख्य मानिस हुने चाहिं भिक्षु नै थिए होलान् । पछि भिक्षुहरूको अभाव पूर्ति गर्न गृहस्थी उपासक बृद्धावस्थामा पुगेपछि वा छोरा जन्मेपछि भिक्षु वा ब्रह्मचारी भएर बही बहालको पूजा-आजा र अरु नित्य कर्म चलाउन थाले । कालान्तरमा कतिपय बही-विहारमा मुख्य शाक्य चाहिं आफ्नो छोरा जन्मेपछि प्रवज्या लिएर यसको रेखदेख गर्ने परिपार्टी नै बस्यो । यस्ता प्रव्रजित भिक्षु वा ब्रह्मचारीको अभाव हुन थालेपछि किशोर केटाहरूलाई प्रव्रजित नभए पनि कम से कम ब्रह्मचारी बनाएर बही बहालमा पूजा गराउने चलन चल्यो । यस्तो चलन ललितपुरका कतिपय बही-बहालमा आजसम्म कायमै छ । यसबाट के सङ्केत मिल्दछ भने यी महायनी विहारहरू शुरुमा भिक्षुहरू वा कम से कम ब्रह्मचारी मठाधीश अन्तर्गत थिए । उपत्यकाभित्र आज पनि यस्ता बही, बाहाल थूरहरू मनग्गे छन् । यी बहीबहालहरूमा मुख्य मूर्तिको रुपमा कुनै न कुनै बोधिसत्वको वा कहीं कहीं बुद्ध मूर्ति राखिएको हुन्छ । शाक्यहरूका छोराहरूलाई 'बरे छुयिगु' अर्थात् भिक्षु बनाउने (गर्ने चुडाकर्म) विधिको कर्मकाण्ड गर्दा यस्तै बहि-बहालमा गरिनु पर्दछ । यसरी 'बरे छुयिगु' अर्थात् चुडाकर्म विधि गरिंदा शाक्य केटाहरू बाह्र दिनमा नबढाई केवल केही दिन मात्रै प्रव्रवित रहन्छन् र प्रव्रज्या सम्बन्धी नियम पालन गर्छन् । त्यसपछि यिनीहरू चीवर त्याग्छन् र घर फर्केर गृहस्थ जीवन बिताउँछन् ।

उपत्यका शाक्यहरूका पुर्खाहरूमध्ये कोही कोही भिक्षुत्व त्यागेर गृहस्थ जीवनमा फर्केको आभास मिल्दछ । यिनीहरूको थरबाट यस्तै सङ्केत मिल्दछ । उपत्यकामा आज पनि थुप्रै 'शाक्यभिक्षु' कहिने शाक्यहरू छन् । यता केही वर्षदेदि शाक्यहरूमा आफ्नो थरको पछाडि रहेको 'भिक्षु' भन्ने शब्द छोड्ने प्रवृति बढ्दै आएकोछ । अब यी शाक्यहरू साँच्चैका भिक्षु नरहेकाले उनीहरूले 'भिक्षु' शब्द भन्न र लेख्नु छाडेको कुरा उपयुक्त नै देखिन्छ । चुडाकर्मको लागि प्रव्रजित हुन पर्ने भए पनि उक्त अवधि भर मात्र भिक्षुसंघीय जीवन बिताउँछन् र तदुपरान्त घर फर्केर उपासक मात्र रहन्छन् । तर शाक्यहरू ककसैको पुरानो थर 'शाक्यभिक्षु' रहेको तथ्यबाट यिनीहरूका पुर्खा भिक्षु भएको तथ्यतिर औंल्याउँछ । सम्भवतःभिक्षु भइसकेका कुनै शाक्य विनयका नियमहरू पालन गर्न गाह्रो लागेर प्रव्रजित जीवन छाडेर फेरि गृहस्थी बन्यो । एकपल्ट भिक्षु भइसकेको यो 'शाक्यभिक्षु' कहिनु सम्भव देखिन्छ । अनि यो शाक्य भिक्षुका सन्तान शाक्यभिक्षु कहिए । विवाहित जीवनमा प्रवेश गर्नु अगाडि प्रव्रज्या लिएर केही दिनको लागि भए पनि श्रमण अर्थात् भिक्षु बन्नै पर्ने अनिवार्यताबाट पनि शाक्यहरूको 'भिक्षुत्व'-संग निकटतम सम्बन्ध रहेको प्रमाणित हुन्छ ।

शाक्यहरूमा पञ्चदान माग्न जाने चलन पनि अद्यापि चलिआएकै छ । नेपाल भाषामा यसलाई 'पञ्जराँ' भनिन्छ भने बाहिरबाट आएका अरु धर्मावलम्बीहरूले 'बाँडा जात्रा' पनि भन्दछन् । यो पञ्चदान पर्वको दिन ललितपुरमा श्रावण शुक्ल (गुँला थ्व) अष्टमीको दिन

र काठमाण्डौंमा भाद्र कृष्ण (गुँला गा) द्वादशीको दिन मनाउने चलन छ । प्रत्येक वर्ष मनाइने यो पञ्चदानको दिन पुरोहितको काम गर्ने बज्राचार्यहरूले जस्तै शाक्यहरूले पनि बौद्ध गाथाहरू पाठ गर्दै उपासक–उपासिकाहरूको घरघर गई दान अर्थात् भिक्षा माग्दछन् यस अवसरसमा मुख्यतया पाँच थरि खाद्यान्नको भिक्षा अर्थात् दान दिइन्छ । त्यसैले यसको नाउँ 'पञ्चदान' रहेको हुनुपर्दछ । यो दिन पञ्चदान माग्न जानु सबै वयश्क अर्थात् चुडाकर्म सिधिसकेका शाक्यहरूको निमित अनिवार्य हुन्छ । त्यस दिन यिनीहरू समूह समूहमा बाँडी आ-आफ्ना उपासकहरूकहाँ गएर भिक्षा माग्छन्, दान लिंदा दानगाथा पढ्छन् र दाताहरूलाई आशिर्वाद दिन्छन् ।

शाक्यहरूको यस्तो परम्परा चुडाकर्म गर्न कपाल खौरिंदा सम्पूर्ण खोरने र पछि पनि कपाल खोरिंदा जम्मै खौरने चलनबाट यिनीहरूको प्रव्रज्यासित अर्थात् भिक्षुत्वसित सम्बन्ध भएको तथ्य सिद्ध हुन्छ ।

माथि बताइए बमोजिम शाक्यहरू उपत्यकामा बसाइँ सर्न आउँदा समूह समूह भएर एवं विभिन्न समयमा आएका हुनाले उनीहरूले यहाँको वातावरणसित हेलमेल गर्नु पऱ्यो । उनीहरू धेरै थोरै यहाँका आदि वासीहरूबाट प्रभावित भए । फलस्वरुप, कालान्तरमा नयाँ आएका जाति र आदिवासीहरूको बीच सम्मिश्रण भएको हुनुपर्दछ, विशेष गरेर सांस्कृतिक क्षेत्रमा । यहाँको प्राचीन निवासीहरूले धानको प्रयोग शाक्यहरूबाट सिकेका थिए । त्यस पछि मात्र यहाँ धानको खेती हुन थालेको थियो भन्ने कुरा पनि विना कारण भनिएको होओइन ।

शाक्यहरूले कला, शिल्पकला, वास्तुकला आदि नेपाली संस्कृतिका विभिन्न पक्षहरूको विकासमा पर्याप्त योगदान गरिआएका छन् । आज मूर्ति कला, धातु कला, शिल्पकला, काष्ठ कला, आदि रोजगारीमा लागेकाहरू अधिकांश शाक्यहरू नै पाइन्छन् । सिकर्मी, डकर्मी आदि वास्तुकलासित सम्बद्ध इलम अपनाउनेहरू पनि धेरै जसो शाक्य परिवारकै हुन्छन् । वर्तमान नेपालका नामूद चित्रकार कलाकारहरू शाक्य जातकै मनग्गे छन् । सुन, चाँदी, जवाहिरातको काममा शाक्यहरूको एकाधिपत्य जमिरहेको तथ्यको त कुरै गर्नु पर्दैन । संक्षेपमा, विभिन्न शिल्पकलामा मात्र होइन मूर्ति निर्माण, मन्दिरभवनहरूको निर्माण, संगीत, बाद्यवादन, चित्र पौभाहरूको चित्रण अादि ललितकलाका क्षेत्रहरूमा शाक्यहरूले गरि आएको योगदान विशेष रुपले महत्वपूर्ण र उल्लेखनीय छन् । यस सन्दर्भमा ललितपुर स्थित सुप्रसिद्ध महाबौद्ध चैत्य, र भक्तपुर दरवारको सुवर्ण द्वार बिर्सन हुन्न । यो अद्वितीय, गौरवमय चैत्य शाकयहरूकै देन हो । यस्तै चैत्य, मूर्तिचित्र, मूर्ति, आदि कलात्मक सिर्जनाका कृतिहरू उपत्यका तीनै शहरमा र केही हदसम्म बाहिर पनि पाइन्छन् । यिनीहरूमध्ये कति त अलग्गै शाक्यहरूकै देन हुन् ।

शाक्यहरूले यसरी विभिन्न व्यवसायमा तल्लीन गृहस्थी भएर पनि अहिलेसम्म भिक्षुसंघका नियमहरू केही केही हदसम्म पालन गर्दै आएको पाइन्छ । नेपाली जातिका जातहरूमध्ये स्थविरवादी भिक्षु संघमा प्रवेश गर्नेहरू आज पनि अधिकांश शाक्यहरू नै छन् । प्रव्रज्या लिनेहरू शाक्यहरूको तुलनामा अरू अरू जातिमा थोरै छन् । बाहाल, बही आदि महायानी विहारहरूमध्ये कति त शाक्यहरूकै संरक्षण अन्तर्गत छन् । सम्यक् पर्व मनाइँदा पनि शाक्यहरूले धेरै संख्यामा भाग लिन्छन् । सम्यक् र पञ्चदानको अवसरमा यिनीहरू दान गाथा पढेर दान लिन्छन् र दाताहरूलाई आशिष दिन्छन् । पुरोहित नभईकन पनि यिनीहरूले यस्तो अधिकार पाइआएको सम्भवतः प्रव्रजित पुर्खाले फेरि गृहस्थाश्रममा फर्केपछि पनि उपभोग गर्दै आएको परम्पराको अनुसरण हुन सक्छ । गुँला धर्म, बाहा पूजा, मत्याः आदि बौद्ध धार्मिक अवसरहरूमा शाक्यहरू ठूलो श्रद्धाले सहभागी बन्छन् । स्वयम्भू भूइखेलमा सम्यक् मनाइँदा भोलि पल्टको दिनमा 'मिसा सम्य' भनेर बौद्ध महिलाहरूले मात्र भाग लिएर मनाउने परम्परा छ । त्यसमा शाकय महिलाहरू विशेष भूमिमा खेल्छन् ।

हाम्रो परम्परा अनुसार कुमारी भनेर जीउँदी देवीको रुपमा पूजिने कन्या केटी एवं जीउंदा गणेश र भैरवको रुपमा पूजिने कन्य केटाहरू शाक्य जातकै हुनु पर्दछ । यो परम्परा उपत्यकामा आजसम्म कायमै छ । नेपाली समाजमा, सरकारी पर्व र समारोहहरूमा समेत मान्यता प्राप्त यो प्रथाले पनि शाकयहरूको महत्व दर्शाउँदै आएकोछ ।

अन्त्यमा उपत्यकामा बौद्ध धर्म र यसका कला कृतिहरूलाई प्राचीन समयदेखि आजसम्म जुन रुपमा भए पनि संरक्षित गरिराख्नेहरूमध्ये शाक्यहरूको देन पनि अविस्मरणी हुन्छ । ■

# सहनशीलताको नमूना

✍ **तारा शोभा स्थापित**, सद्धम्म कोविद

राम्रो बानी व्यवहार भएको व्यक्ति जो कोही होस् त्यसबाट हामीले उसको आदर्श सिक्नु राम्रो हुनेछ। सहनशीलता भन्नेबित्तिकै सहन सक्ने गुण भन्ने बुझिन्छ। भगवान् बुद्धले सिकाउनु भएका शिक्षामा सहनशीलताको पनि प्रमुख स्थान रहेको देखिन्छ उहाँले धम्मपदमा भन्नु भएकै छ –

**न तेन पण्डितो होति यावता बहु भासति**
**खेमी अवेरी अभयो पण्डितो ति पवुच्चति**

अर्थात् कुरा गर्न जानिन्दैमा, अरुलाई ज्ञान सिकाउन सक्षम हुँदैमा उसलाई पण्डित भन्न मिल्दैन। जुन व्यक्तिसंग अरुलाई क्षमा दिने बानी हुन्छ, सहनशीलता हुन्छ अरुसंग वैरभाव नभएको निर्भयी ब्यक्तिलाई नै पण्डित भन्न मिल्दछ। त्यसैले समय हेरेर स्थान हेरेर, वातावरण हेरेर, प्रतिकूल अवस्था आइपरे पनि सकेसम्म सम्झाई बुझाई शान्तवातावरणले नै समस्या सुझाउन कोशिस गर्नु उत्तम हुनेछ। तर लाटको मान्छे बातले बुझ्दैन भन्ने अवस्था आउने बेलामा डर र धम्की देखाएरै भएपनि दण्ड प्रयोग गरेरैं भएपनि समाजमा शान्ति स्थापना गर्नुपर्ने अवस्था पनि आइपर्छ। भगवान् बुद्धले जहिले पनि सहेर वस्नु पर्छ भन्ने गर्नुहुन्न। उहाँको शिक्षा नै थानाथान कोशल ज्ञान हो। तैपनि सकेसम्म सम्झाई बुझाई शान्त वातावरणले नै समस्या सुल्झाउने प्रयास गर्दा राम्रो हुने देखिन्छ। यहाँ इन्द्र (देवलोकका राजा)ले समेत सहनशीलता ब्यवहार प्रयोग गरिएको एक घटना उल्लेख गर्न चाहन्छु। जसबाट सर्व साधारण मानिसहरुले पनि यस घटनाको आदर्श अंगाली समस्या समाधान गर्न सकुन् भनी उक्त घटना प्रस्तुत गर्न खोजिएको छ।

हुनत इन्द्रले पनि लोभ दोषको बसमा गई काम गरेको घटनाहरुको विषयमा पनि ग्रन्थहरुमा उल्लेख गरिएका पाइन्छन् अभिधर्ममा उल्लेख भएनुसार मनुष्यलोक भन्दा माथिको देवलोकमा पनि राग, द्वेष, मोहयुक्त देवताहरू छन्। देवलोक पनि क्लेश मुक्त लोक मानिन्न।

संयुक्त निकाय सक्क संयुक्तमा इन्द्रको स्वभाव बारेमा गहन उल्लेख भएको पाइन्छ। जुन यस प्रकार छन् –

रण संग्राम गरी स्वर्गमा बस्न चाहने शक्ति सम्पन्न असुरहरु र देवताहरुको बिच समय समयमा भिडन्त हुने गर्थ्यो। एक समय देवताहरु संग लडाई लड्न तयार गरिरहेका असुरहरुलाई लखेट्ने आदेश पाएका सुसिम र सुबीर देवताले सक्कको गुणगान गरी बसिरहे। वीर्य र उत्साहपूर्वक कामना गरी कहिंकतै बस्न पाए आफू पनि गएर बस्ने इच्छा भएको कुरा पोख्न थाले। गाली गरेर हप्काएर होइन वीर्य र उत्साहपूर्वक परिआएको काम गर्नुपर्छ भन्ने शिक्षा दिने बानी इन्द्रमा रहेको छ। एकसमय रणयुद्धमा नराम्ररी पराजय भएपछि सुधम्मा राजसभा कक्षमा पुऱ्याइएको असुरराज असुरेन्द्र वेपचितिले इन्द्रलाई अनेक अपशब्द प्रयोग गरी गाली गरेको थियो। त्यस अवस्थामा शक्ति सम्पन्न देवराज इन्द्रले एक शब्द पनि नबोली सहेर बसेका थिए। यो दृष्य हेरिरहेका देवपुत्र सारथी मारुतिले देवराज इन्द्रसंग यसरी चुप लागेर सहनुभएको विषयमा प्रश्न गरेका थिए। यस प्रश्नको उत्तर दिंदै इन्द्रले भने–"अरुको रीसलाई जानी स्मृतिपूर्वक आफूलाई शान्त राख्न सकेको खण्डमा मात्र मूर्ख आफै शान्त भएर जाने भएकोले म चुप लागेर बसेको हुँ। दन दन बलिरहेको आगोमा घ्यू थप्न गयो भने आगोको झिल्का झन झन तेजिलो बनिदिन्छ।"

यसरी अति कठोर शब्दलाई पनि वास्ता नगरी सहन सक्ने खूबी देवराज इन्द्रमा रहेको कारणले र बलवान भएर पनि सहन सक्ने, क्षेमा दिन सक्ने उच्च मनोबल सहितको आदर्शमय गुण सबैको लागि अनुकरणिय रहेको देखिन्छ। शक्तिशाली भएर पनि, विना कसुर आफूलाई गालि गर्न आएपनि, कुचेष्टाले नराम्रो काम गरेपनि चेतनशील मानिसहरुमा सहने र क्षमा दिने क्षमता भएमा समाज कलह र अशान्ति रहित बन्ने छ। सुभाषित जयसुत्तको आधारमा मूर्खलाई दण्ड र सजाय दिनुपर्छ, दण्दहिनताले ती मूर्खहरुले झन उत्पात मचाउन

सक्ने असुरेन्द्र देवपुत्रको धारणा थियो। तर मूर्खलाई स्मृतिपूर्वक शान्त र मौन रही दण्ड दिएर इन्द्रले क्षान्ति र सुभाषित बनी झगडा र विग्रह शान्त पार्न सफल भएर विजयी बनेका थिए।

एक समय रणसंग्राममा पराजय भएका देवताहरु उत्तर दिशा तर्फ भाग्न थालेका थिए। त्यसपछि देवराज इन्द्रले आफू फर्कने बाटोमा सीमलको रूखमा रहेका चराहरूको अण्डा रथको धूरले नबिग्रियोस् भन्ने कामना गरी उनीले शत्रुहरू भएकै दिशातर्फ रथ मोडेर लग्यो। त्यो दृश्य देखी असुरहरूले गरुड चराहरूको समूहको साथ देवराज इन्द्र पुनः आफूहरूसंग लडाइँ गर्न आएको जस्तो ठानी असुरहरु यत्रतत्र भाग्न थाले। यसरी आफू शत्रुको हातबाट मर्नपरे पनि अन्य प्राणीलाई बचाउने नियतले उत्पन्न भएको दया र करूणायुक्त भावनाले गरेर इन्द्रले धर्म विजय प्राप्त गर्न पुग्यो। आफ्नो कारणले अन्जान प्राणीहरूको विनासहुनबाट बचाउने इच्छा सहितको देवराज इन्द्रको करूणा भावना यस घटनाले प्रष्टाइएको छ।

नन्दुब्भिय सूत्रको आधारमा मनोभावलाई जान्ने क्षमता सहितका असुरराज असुरेन्द्र वेपचितिले इन्द्रको समक्ष गई महाशत्रुलाई पनि धोका नदिने बानी सधैं कायम रहोस् भनी कामना गरेका थिए। यसरी शत्रुलाई पनि धोका नदिने दृढ संकल्प रहेको इन्द्रको विनम्र स्वभाव अनुकरणिय रहेको छ।

सबै प्राणीहरु अन्न पानी प्राप्त गर्नको लागि मेहनत गर्छन्। आफूले गरेको काममा सफलता प्राप्त गर्न सक्नु नै काम गराईको शोभा हो। यो धारणा वेपचितिले तथागत समक्ष प्रस्तुत गरेको थियो.। आवश्यकिय बस्तु प्राप्त भएमा सन्तोष हुन सक्नु काममा लगनशील हुनाको शोभा हो। यस्तो शोभा भन्दापनि क्षान्तिवादी हुन सकेमा अझ बढि शोभा हुनेछ। देवराज इन्द्रको क्षान्ति धर्म धारण प्रतिको गहिरो आस्थालाई यहाँ हामीले पनि जान्न सक्छौं।

अरञ्ञायतन इसिसुत्रको आधारमा एकसमय अरञ्ञ निवासी ऋषिहरू समक्ष असुरराज विना आदर गौरब जुत्ता, तरबार, र छाता सहित आश्रम भित्र पसी बाहिरिएको थियो। त्यही ठाउँमा इन्द्र जाँदा जुत्ता, तरबार र छाता नलिई ऋषिहरूलाई आदर गौरवपूर्वक नमस्कार गरेका थिए। यो अवस्थामा ऋषिहरूले नुहाई धुलाई सम्म पनि नगरी लामो समय अवधि सम्म ध्यानमा संलग्न रहेको कारणले ऋषिहरूको शरीरबाट आउने गन्धबाट टाढा रहन इन्द्रलाई आग्रह गरेका थिए। यो अवस्थामा इन्द्रले पञ्चकाम सुखबाट अलग्गिएर ध्यान अभ्यासमा लाग्नु भएका ऋषिहरूको कायगन्ध उनको लागि सुगन्धित नै हुने कुरा बताएका थिए। यसरी सद्धर्म धारक प्रति आदर गौरव राख्ने र अगाधि श्रद्धा र कोमल स्वभावको परिचय इन्द्रले दिएका थिए।

राजा जस्तो गरिमामय पद वहन गरेका देवराज इन्द्रले आफूले काम अन्हाउँदा पनि काम नगर्नेलाई दण्ड सजाँय नदिई अलसी र अनुद्योगीले कुनै पनि काममा सफलता प्राप्त गर्न नसकिने कुरा अवगत गराएको घटना सुवीर र सुसिम सुत्तबाट जानकारी गराइएको छ। रणक्षत्रमा सम्मिलित देवताहरूको मनमा यदि डर, त्रास उत्पन्न भई शरीर काम्ने र रौं ठाडो हुने गरेमा देवराज इन्द्र, प्रजापति देवपुत्र, वरूण देवपुत्र, र इशान देवपुत्र जस्ता शक्तिशालि देवपुत्रहरूको रथमा सजाइएका झण्डाको टुप्पा हेर्न सल्लाह दिनुभएको थियो देवराज इन्द्रले। आफ्ना अनुयायीहरूको आत्मवललाई बलियो बनाउन इन्द्रले दर्शाउनु भएको यो भूमिका धजग्ग सूत्रबाट जान्न सकिन्छ।

**"अक्कोधेन जिने कोधं, – असाधुं साधुना जिने जिने कदरियं दानेन सच्चेन अलिकवादिनं"।**

अर्थात् क्रोधीलाई अक्रोधले जित्नु, नराम्रो कार्य गर्नेलाई राम्रो कार्य गरी जित्नु, कञ्जुसीलाई सत्यवादी भएर जित्नु।

यो बुद्ध वचनलाई सक्रदेवेन्द्रले मनन गर्नुभएको देखिन्छ। रण संग्रामा पराजित असुर राजले जथाभावी अपशब्द प्रयोग गरेपनि क्रोधीको क्रोधावेशलाई जानी स्मृतिपूर्वक इन्द्रले निशब्द बनी दण्ड सजायँ दिनुको बदला क्षान्तिवादी बनी क्षमादान दिएका थिए। यही सद्गुण नै इन्द्रको उच्च स्वभावको परिचय हो।

महासमय सूत्त देशना गर्नको निमित्त भगवान् बुद्ध कुनाल दहबाट पाँचसय अभिज्ञालाभी अरहन्त शाक्यपुत्र भिक्षुहरूका साथ कपिलवस्तुको महावनमा

पुग्नुभएको थियो । त्यस समय चारै दिशाका लोकपाल रक्षकहरू धृतराष्ट्र, विरूढक, विरुपाक्ष नागराज र कुवेर आदि चतुर्महाराजहरू र ब्रह्माहरू लगायत देवराज इन्द्र पनि देवपरिषदका साथ प्रसन्न मुद्रामा आई तथागत बुद्ध र उहाँका शिष्य संघहरूलाई दर्शन गरी उहाँहरूमा श्रद्धा समपर्ण गरेका थिए ।

वैशालीमा दुर्भिक्ष भय, रोग भय, र अमनुष्य भए आएको समयमा लिच्छवी राजाहरूले आफ्नो देशमा भगवान् बुद्धलाई निमन्त्रणा गरी रत्न सूत्र पाठ गराएका थिए । त्यो समयमा उनीहरूको निमन्त्रणालाई स्वीकार गर्नुभइ तथागत बुद्धले वैशालीका पदार्पण गर्नुभएको अवस्थामा उहाँलाई वैशालीका राजसमूहले भव्य स्वागत अभिवादन गरेका थिए । त्यस समयमा पनि देवराज इन्द्र धेरै देवरिषदहरूका साथ त्यहां पुग्नुभई तथागतलाई श्रद्धापूर्वक अभिवादन गरी तथागत द्वारा देसित रत्नसूत्र श्रवण गरेका थिए । समय समयमा देवराज इन्द्र जेतवन विहारमा गई तथागत समक्ष धर्मका कुराहरू छलफल गर्ने घटनालाई बौद्ध साहित्यमा उल्लेख गरिएको पाइन्छ ।

“सक्क संयुक्त अध्ययनको आधारमा मित्रद्रोह अरुलाई धोका दिने, मूर्खलाई दण्ड सजाय दिएर कलह झगडा बढाउने चाहना, धर्मधारक ऋषिमुनीहरूलाई समेत आदर गौरब नराख्ने, घमण्डी र धार्मिक चेतना रहित असुरराज असुरेन्द्र वेपचिति कुसल धर्मबाट बञ्चित रहेको पुष्टिएको छ । सक्क देवेन्द्रले मनुष्य जन्ममा अति कठिन सातवटा ब्रत पालना गर्ने कार्यलाई निरन्तरता दिएका थिए । सहिष्णुताले क्रोधलाई दबाउने, क्षेमादान, क्षान्ति, शत्रुलाई पनि धोका नदिने संकल्प, ऋषिमुनी सद्धम्मधारक, बुद्ध, धर्म र संघप्रति आदर गौरब राख्ने, धार्मिक कार्यमा सहयोग गर्ने, द्विज प्राणीहरूलाई आफ्नो कारणबाट विनाश हुन नदिने दया करूणा जस्तो सद्गुणको अभिवृद्धि गर्ने आदि कार्यमा सक्क देवेन्द्रले निरन्तर अभ्यास गरीरहेको कार्यलाई उहाँको कुशल पूर्व संस्कारले साथ दिएको मान्न सकिन्छ । ■

## श्रद्धाञ्जली



*श्रद्धा कीर्ति विहारं*
*श्रद्धा ज्याय्काः*
*श्रद्धाया अञ्जुली बियाच्वना छन्त*
*मानवं जगतय्*
*नेवाः काय्मचा छ ।*
*बौद्ध ख्यलय्*
*छम्ह दानीम्ह खः छ ।*
*दान पारमिताय्*
*लाल काकां छं*
*अनाथ पिण्डिक*
*धाय् ल्वय्कल छं*
*बहा-बही*
*विहार दुने*
*छंगु कीर्तिया*
*स्वां ह्वया च्वन*
*नमो तस्स, नमो तस्स*
*थ्वया च्वंगु विहारय्*
*भाइराजा साहू हे*
*दना च्वं थें च्वं*
*श्रद्धा कीर्ति विहारं*
*श्रद्धां जाय्काः*
*श्रद्धाञ्जली बिया च्वना छन्त ।*

– **श्रद्धाचारी**, श्रद्धाकीर्ति विहार
च:मती, स्वयम्भू

# आदरणीय सद्धम्म जोतकि धज श्री द्रव्यमान सिं (भाइराजा) तुलाधरको सम्झना

– महेन्द्ररत्न शाक्य
*प्राचार्य, थेरवाद बुद्धिष्ट एकेडेमी*
विश्व शान्ति विहार, मीनभवन, काठमाडौं

सम मार्ग नक्साल गैरीधारा काठमाडौं निवासी आदरनीय भाइराजा साहु नेपालका एक विशिष्टसुपुत्र हुनुहुन्छ। उहाँको पिता रत्नमान तुलाधर र माता मोतिलानी तुलाधर हुनुहुन्थ्यो। उहाँको विवाह बसुन्धरा तुलाधरसँग भएको हो। उहाँको दुई छोराहरू राजु तुलाधर, राजन तुलाधर र एक छोरी कल्पना तुलाधर हुन्। सानै उमेरदेखि व्यापार व्यवसायमा झुकाव भएका उहाँलाई तिब्बतमा व्यापार गर्ने ल्हासासाहु भनेर पनि चिनिन्छ। उहाँले तयारी पोशाकको आयात तथा खुद्रा व्यापार पनि गर्नु हुन्छ। समाज सेवा र बुद्ध धर्ममा अत्यन्त श्रद्धा भएका उहाँ द्रव्यमान साहुले नेपालका विभिन्न विहारको, सामाजिक संघसंस्थाको विभिन्न पदमा बसेर मात्र होइन थुप्रै आर्थिक सहयोग पनि गरेर ठूलो योगदान पुऱ्याउनु भएको छ। धर्मोदय सभा नेपालका सदस्यमा रहनु भैसकेका उहाँ लुम्बिनी धर्मोदय स्वयम्भू स्तूप निर्माण समितिको पनि कार्यकारी सदस्य तथा धर्मकीर्ति विहार संरक्षण समितिका उपाध्यक्ष हुनुहुन्थ्यो।

उहाँले धर्मकीर्ति विहार, काठमाडौंको भवन पुननिर्माण गर्नुका साथै बुद्ध विहार, काठमाडौं; अन्तर र्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमुल; सुलक्षणकीर्ति विहार, कीर्तिपुर; गौतमी विहार, लुम्बिनी, गण महाविहार, काडमाडौं, ध्यानकुटी विहार, बनेपा लगायत थुप्रै थेरवादी विहारहरू निर्माणमा पूर्ण र आंशिक सहयोग गर्नुभएको थियो। त्यस्तै महायानी विहारहरू श्री वैशवपूर्ण महाविहार, ललितपुर, मैत्री बोधिसत्व जमलबाहा, काठमाडौं र बज्रयान विहार, लुम्बिनीको निर्माणर्थ पनि आंशिक रूपमा आर्थिक सहयोग गर्नुभएको थियो। उहाँले म्यानमारमा रंगुनस्थित नेपाल विहार निर्माण गर्नमा पनि सहयोग गर्नुभएको थियो। त्यस्तै अनेक धार्मिक सामाजिक तथा बौद्ध संघसंस्थाहरूमा पनि आर्थिक सहयोग गर्नुभएको छ। यसै क्रममा थेरवाद बुद्धिष्ट एकेडेमीमा पनि उहाँको उल्लेखनीय सहयोग प्राप्त भएको छ। उहाँको यस्तो अमूल्य योगदानको उच्च सम्मान गरी म्यानमार सरकारबाट उहाँलाई सद्धम्म जोतिक धज जस्तो उच्च पदवीबाट विभूषित गरिएको थियो।



बुद्ध जन्मेको देश नेपालमा प्राज्ञिक स्तरबाट बुद्ध शिक्षा अध्ययन अध्यापन गराउन भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्वमा भिक्षु, अनागारिका, उपासक र उपासिकाहरूको एक समूहले २०६८ सालदेखि नै प्रयास गरिरहेको थियो। २०६८/६/४ गते विश्व शान्ति विहारमा बसेको बुद्धिजीविहरूको एक बैठकले थेरवाद

बुद्ध धर्ममा एम.ए. कक्षा सञ्चालन गर्ने उद्देश्य लिएर भिक्षु ज्ञानपूर्णिक महास्थविरको संस्थापक अध्यक्षतामा "थेरवाद बुद्धिष्ट एकेडेमी" Theravada Buddhist Academy (TBA) नामक एक संस्था गठन गरियो। यस एकेडेमीको सञ्चालक समितिको अध्यक्षमा भिक्षु ज्ञानपूर्णिक महास्थविर, उपाध्यक्षमा श्री दुण्ड बहादुर बज्राचार्य, सचिवमा भिक्षु धर्मगुप्त महास्थविर, सहसचिवमा भिक्षु निग्रोध, कोषाध्यक्षमा श्रीमती मीरा ज्योति र सहकोषाध्यक्षमा श्रीमती रीना तुलाधर चयन गरिएको थियो। रीना तुलाधर भाइराजा साहुकै बुहारी हुनुहुन्छ। त्यस्तै सल्लाहकारमा डा. भिक्षु आसिन ञाणीस्सर महास्थविर (सितगुं सयाडो) लगायत डा. भिक्षु सुगन्ध महास्थविर, प्रा. डा. सुवर्णलाल बज्राचार्य र प्रा. डा. गणेश मालीलाई चयन गरियो। सदस्यहरूमा भिक्षु धर्ममूर्ति महास्थविर, अनागारिका ञाणवती, अनागारिका अग्गञाणी, डा. केशरी मानन्धर, मदनरत्न मानन्धर, त्रिरत्न मानन्धर, सविता धाख्वा र म पनि बसेको थिएँ।

२०६८ कार्तिकमा लुम्बिनी बौद्ध विश्व विद्यालयसँग सम्बन्धन प्राप्त गर्न आवेदन दिइयो र लुम्बिनी बौद्ध विश्वविद्यालयबाट प्रतिनिधि आई पूर्वाधार निरीक्षण गरियो। यस एकेडेमीमा दैनिक अध्यापन कार्यको लागि भिक्षु धर्मगुप्त, भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, अनागारिका ञाणवती, अनागारिका अग्गञाणी, सविता धाख्वा, त्रिरत्न मानन्धर, रश्मि राजकर्णिकार, महेन्द्र रत्न शाक्य, अमिता धाख्वा, रीना तुलाधर, मदनरत्न मानन्धर लगायतका १२ जना अध्यापकहरूको नाम पठाइएको थियो। त्यसपछि यस एकेडेमीलाई थेरवाद बुद्धिजम् विषयमा दुई वर्षे स्नातकोत्तर तहको कक्षा २०६९ श्रावण सत्र देखि संचालन गर्न २०६८/१२/३० मा लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भयो। पाठ्यक्रम निर्माण पनि एकेडेमीबाटै गरिएको थियो। भिक्षु धर्मगुप्त महास्थविर र प्रा. डा. सुवर्णलाल वज्राचार्यले एम. ए. पहिलो वर्षको पाठ्यक्रम मस्यौदा बनाइ बैठकमा पेश गुर्नभयो। उक्त पाठ्यक्रममा यस एकेडेमीका सदस्यहरू अनागारिका अग्गञाणी महेन्द्र रत्न शाक्य र त्रिरत्न मानन्धरहरूले धेरै पटक बैठक बसी यसलाई पूर्णता दिई यस एकेडेमीका संस्थापक अध्यक्ष तथा संस्थापक प्राचार्य भिक्षु ज्ञानपूर्णिक महास्थविरको स्वीकृति लिई बोर्ड बैठकबाट पारित गरी विश्वविद्यालयमा पेश गरियो। विश्वविद्यालयले उक्त पाठ्यक्रम स्वीकृत गरियो।

लुम्बिनी बौद्ध विश्वविद्यालयको नियमानुसार मोटो रकम धरौटी स्वरूप राख्नु पर्ने भएकोले यसको लागि अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर र सदस्य डा. केशरी लक्ष्मी मानन्धरबाट जनही रु. एक एक लाख र पद्मज्याति साहु र कोषाध्यक्ष मीरा ज्योतिबाट दुई लाख आर्थिक सहयोग प्रदान गरियो। त्यस्तै यस एकेडेमीका उपाध्यक्ष दुण्ड बहादुर बज्राचार्यबाट पनि रु. एक लाख सहयोग प्राप्त भयो। यस एकेडेमीलाई आर्थिक सहयोग गर्न Noble Friends of Theravada Buddhist Academy को गठन गर्ने प्रा.डा. सुवर्णलाल वज्राचार्यको प्रस्ताव अनुसार सहयोगी समूह गठन गरियो। जस अनुसार यस एकडेमीलाई आर्थिक सहयोग गर्ने महानुभावलाई यस एकेडेमीको Noble Friend भनियो।

२०६९।३।१४ मा एकेडेमीको संयोजक र एक सहायक नियुक्त गरी विश्वशान्ति विहारको चोकमा उत्तरतर्फको एउटा कोठा पार्टेशन गरी यस एकेडेमीको कार्यालय संचालन गरियो। कार्यालय कोठामा एल्मोनियम पार्टेशनको निम्ति आर्थिक सहयोग यस एकेडेमीका सदस्य श्री मदनरत्न मानन्धरले गर्नु भयो।अब कक्षा कोठा चाहियो। यसको लागि विश्वशान्ति विहारको भुई तलाको पूर्व दक्षिण कुनाको एउटा कक्षाकोठा खालि गरियो। यसमा रंगरोगन, कार्पेट, झ्यालको पर्दा, मेच, इन्भर्टर आदिको व्यवस्था गर्न भाइराज साहुले सम्पूर्ण सहयोग गर्नुभएको थियो। यसको लागि दुई लाख खर्च भएको थियो।

कोठा तयार भएपछि विद्यार्थी भर्ना लिइ थेरवाद बुद्धधर्ममा एम. ए. को पहिलो ऐतिहासिक कक्षा भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट Soft Opening गरी सुरु गरियो। यसको विधिवत उद्घाटन मित्र राष्ट्र बर्माका प्रसिद्ध श्रद्धेय डा. भिक्षु सितगुं सयाडोको करकमलबाट २०६९ भाद्र २ गते विश्वशान्ति विहारमा एक भव्य समारोहकासाथ गरियो। सितगुं सयाडो Sitagu International Buddhist Academy का कुलपति तथा International Association of Theravada Buddhist Universities का अध्यक्ष हुनुहुन्थ्यो। पहिलो व्याचमा

५० जनाभन्दा बढी विद्यार्थीहरूले अध्ययन गरेका थिए ।

हाम्रा गुरुवर प्राचार्य ज्ञानपूर्णिक भन्तेको ठूलो आकांक्षा थियो कि विश्व शान्ति विहारलाई एउटा ठूलो बौद्ध प्राज्ञिक केन्द्र बनाउने र पालि भाषाको पनि उच्च शिक्षा प्रदान गर्ने । यसको रीना मिसको पनि ठूलो चाहना थियो । उहाँ भाषा आयोगमा पनि जानुभयो । मलाई बरोबर भन्नुहुन्थ्यो कि पालि भाषाको एम.ए. पनि हामीले चलाउने प्रयास गर्नुपर्‍यो । विश्वविद्यालयसँग सम्बन्धन लिनु पर्‍यो । यसको लागि म सक्दो सहयोग गर्छु । नभन्दै आज उहाँहरूको सपना साकार भयो । यस वर्षदेखि हामीलाई विश्वविद्यालयबाटै स्वीकृति लिएर पालि भाषामा पनि एम.ए. सञ्चालन गर्ने अवसर प्राप्त भयो ।

डा. रीना तुलाधरले संचालक समितिमा सहकोषाध्यक्ष भएर, कक्षामा अध्यापन गरेर मात्र होइन आफ्नो बुबा भाइराजा साहु र परिवारबाट आर्थिक सहयोग समेत दिलाई दिनुभएकोमा म उहाँलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । भाइराजा साहु जस्ता धेरै जनाको सहयोगबाट आज सयौं विद्यार्थीले बुद्धधर्म प्राज्ञिकस्तरमा पढ्ने मौका पायो । यस एकेडेमीबाट थेरवाद बुद्धिजममा एम.ए. उत्तीर्ण गर्ने विद्यार्थी संख्या लगभग १०० पुग्न लागेको छ । यो वर्ष २०७८ मा यो एकेडेमी विधिवत् रूपमा नेपाल सरकारको कम्पनी ऐन अन्तर्गत दर्ता भएको छ । तर कुनै पनि संस्था स्थापना गर्न जति सहज छ त्यति नै त्यसलाई दीर्घकालसम्म टिकाई राख्नु गाह्रो छ । यो एकेडेमी जस्तो संस्थालाई बचाई राख्नु अपरिहार्य आवश्यकता छ । यसको लागि तपाईं हाम्रो निरन्तर सहयोग चाहिन्छ । अन्तमा भाइराजा साहु जस्ता व्यक्ति गुमाउनु परेकोमा तपाई हामी र थेरवाद बुद्धिष्ट एकेडेमी परिवार अत्यन्त मर्माहत छौं । उहाँको निर्वाणको कामना सहित शोकसन्तप्त परिवारमा धैर्य धारण गर्न सकोस् भनी कामना गर्दछु ।

॥ भवतु सब्ब मङ्लम् ॥

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दिवंगत द्रव्यमान सिं तुलाधर (भाईराजा तुलाधर)**

*जन्मः वि.सं. १९८८ भाद्र १९ गते, शुक्रवार*

*दिवंगतः वि.सं. २०७८ पौष ६ गते, मंगलवार*



**धर्मकीर्ति पत्रिकाका विशेष सदस्य**

**द्रव्यमान सिंह तुलाधर (भाईराजा तुलाधर) दिवंगत हुनु भएको छ । स्मरणिय छ, दाता तुलाधरले धर्मकीर्ति विहारको विहार पुनःनिर्माण गर्नुभई पुण्य सञ्चय गर्नुभएको मात्र नभई अन्य धेरै विहारहरूको निर्माण कार्यमा पनि अमूल्य योगदान गर्नुभएको छ । दाता तुलाधरको सपरिवारले यस दुखद घडीमा धैर्य धारण गर्न सकुन् । दाता द्रब्यमान सिंह तुलाधरको सुगति एवं निर्वाण हेतुको कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।**

**धर्मकीर्ति पत्रिका परिवार**

धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं



# थेरवाद बुद्ध शासनका महान दाता द्रव्यमान सिं तुलाधर (भाइराजा साहु)

– इन्दावती गुरुमां




*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको एक कार्यक्रममा भाग लिनुहुँदै दाता द्रव्यमान सिं तुलाधर*

दाता द्रव्यमान सिं तुलाधरको निधनले आज बुद्ध शासनमा ठूलो क्षति पुगेको महशुस गरिएको छ। उहाँको रुप हामी सामू नरहे पनि उहाँले बुद्ध शासनमा गरेर जानुभएका अतुलनिय योगदान सदा स्मरणिय रहने छ।

त्यसैले भनिएको छ –

**“रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति”**

अर्थात्- रुप जीर्ण भई नाश भएर गएपनि आफूले गरेका राम्रा असल कार्यहरूको छाप एवं योगदान कहिले पनि जीर्ण हुँदैन सदा अमर रहनेछ।

दिवंगत दाता द्रव्यमान सिं तुलाधर धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष हुनुहुन्छ। बुद्ध धर्मप्रति अति नै लगाव भएका, श्रद्धावान्, नम्र स्वभाव भएका उहाँ मेहनती र मिलनसार हुनुहुन्छ।

वि.सं. २०२२ सालमा स्थापित धर्मकीर्ति विहार विभिन्न दाताहरूको सहयोगले निर्माण भएको सानो विहार थियो। फलस्वरुप विभिन्न धार्मिक क्रियाकलापहरू सञ्चालन गर्न, बुद्ध शिक्षा सम्वन्धी कक्षाहरू सञ्चालन गर्न अलि स्थानाभावको महशूस गरिएको थियो। सोही समयमा दाता द्रव्यमान सिं तुलाधर (भाइराजा तुलाधर) परिवारहरू धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना लगायत अन्य कार्यक्रमहरूमा सहभागी भइरहनु हुन्थ्यो।



*सुजाता गुरुमां र दाता द्रव्यमान सिं तुलाधरलाई म्यानमार सरकारले 'सद्धम्म ज्योतिक धज' सम्मान पदवी प्रदान गर्नुभएको उपलक्ष्यमा धर्मकीर्ति विहारले पनि उहाँहरूलाई सम्मान गरिएको दृश्य । साथै दाता सानुरत्न स्थापितलाई पनि धर्मकीर्ति विहारले सम्मान गरिएको दृश्य ।*

एकदिन दाता द्रव्यमान सिं को इच्छानुरुप उहाँका दिवंगत मातापिताको पुण्यानुस्मृतिमा धर्मकीर्ति विहारलाई पूरै भत्काई नयाँ भवनको रुप दिने इच्छा गुरुवर धम्मवती गुरुमां समक्ष प्रस्तुत गर्नुहुँदा यस प्रस्ताव धम्मवती गुरुमांले सहर्ष स्वीकार गर्नुभयो । यस कार्य अगाडि बढाउन धर्मकीर्ति विहारका पूर्व दाताहरूको अनुमती लिइएको थियो ।

२०५७ सालको पौष महिनामा धर्मकीर्ति विहारको दक्षिण मोहडाको पुरानो भवन भत्काइँदा दाता द्रव्यमान सिं तुलाधरले हामी सबै गुरुमांहरूलाई उहाँको दगु बहाल स्थित घरमा बस्ने व्यवस्था पनि मिलाइदिनु भयो । हामी दगु बहालमा रहँदा दाता साहु साहुनी समय समयमा दगु बहालको घरमा आउनु भई हामीलाई हेरविचार पुऱ्याइरहनु हुन्थ्यो । धर्मकीर्ति विहारको उत्तरमोहडाको पुरानो भवनमा श्रद्धेय रत्नमञ्जरी गुरुमां, धम्मवती गुरुमां र अन्य केही गुरुमां रहनु भएका थिए ।

धर्मकीर्ति विहार निर्माण कार्य भइरहेको समयमा दाता भाइराजा साहु लगायत बसुन्धरा साहुनी समय समयमा आउनुभई हेर विचार पुऱ्याउनु हुन्थ्यो । उहाँहरूले कहिले पनि झर्को मान्नु हुन्नथ्यो ।

मिति २०५९ सालमा धर्मकीर्ति विहारको पुनः निर्मित भवन उद्घाटन गर्ने सिलसिलामा उहाँहरूको परिवारले भिक्षु महासंघबाट महापरित्राण पाठ गराई भन्ते गुरुमांहरूलाई दान प्रदान गरी धर्मकीर्ति विहार धम्मवती गुरुमांलाई सुम्पिनु भएको थियो ।

यसपछि पनि उहाँहरू समय समयमा धर्मकीर्ति विहारमा भोजन र दान प्रदान कार्यको आयोजना गर्दै विहारको रेखदेख, मर्मत कार्यहरूमा दिलचस्पी राख्दै पुण्य सञ्चय गरिरहनु हुन्थ्यो ।

उहाँले धर्मकीर्ति विहारमात्र होइन अन्य थेरवादी विहारहरू पनि निर्माण गरि आफ्नो अमूल्य कीर्ति छोड्नु भएको बुझिन्छ ।

यस विषयमा उल्लेखित कुराहरूको साथमा यस अङ्कमा अन्य लेखहरू पनि संलग्न छन् । बुद्ध शासन चिरस्थाई बनाउन उहाँको अतुलनिय योगदानलाई कदर गरी म्यानमार सरकारले उहाँलाई "सद्धम्म जोतिक धज" पदवी प्रदान गरी सम्मान गरिएको थियो ।

आजको सन्दर्भमा उहाँलाई आजको अनाथ पिण्डिकको रुपमा लिइएको छ ।

यी अतुलनिय योगदानलाई कदर गर्दै हामी सबैले उहाँको सुगति सहित निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्छौं । उहाँका परिवारले यस घडीमा धैर्य धारण गर्न सकून । उहाँहरूको आयु आरोग्य एवं निरोगी कामना पनि गर्दछौं ।



## महादानी उपासक द्रब्यमान सिंहया लुमन्तिः

# बुद्धशासनिक ख्यलय् भाइराजा साहुजी म्वाना हे च्वनी

– **कोण्डन्य,** बुद्धविहार भृकुटीमण्डप
gkondanya@gmail.com

*दिं : २०७८ पुष ७ गते ।*

मोबाइलया घण्टी न्यात......., सुथसिया ७:४६ मिनेटया ई ।

Rinadd डिस्प्लेजूगु मिखां खनेवं झ्यातुगु नुगःलं हेलो रिनादिदी धका धायेगु पूवंमवं हे धायेमफुत....., उखें ख्वकना सलं ........

– भन्ते, बा मन्त ! म्हिगः बहःनी हे बाः मन्त ! धाःगु खंग्वः पिज्वल, अप्रत्याशित छुं खं न्यनेमालीगु जुया हे सुथसिया उगु फोन ल्ह्वनेत नुगः झ्यातुगु जुयाच्वन ।

– आः गनले ?

– मेडिसिटी हस्पिटलय् तिनि, छैं महःनी, छलपोलयात खबर याये, न्हिनय् परित्राण-पाठ यायेत ई मिले यानाबिज्याहुँ, मेपिं नं ब्वनाःबिज्याहुँ, काःवने धुंकल, छैंय् थ्यनेवं हे खबर याये, भन्ते ।

– मां (बसुन्धरा उपासिका) गनले? नापसं दु ला? धका झ्चाःगु नुगलं न्यना, धैर्य यानादिसँ, नुगः चिना दिसँ, सहःयायेगु न्हैं उपासिका धाये ला धयागु आसय खः जिगु !

– भन्ते ! मां नापं हे दु, नकतिनि हे जक मांयात बा मदुगु खबर कनागुलि भचा थाकुयाच्वन तिनि !

– म्वाल, म्वाल, मांयात सह याये थाकुइ, धैर्य याये थाकुइ, परिवारं सम्हाले यायेगु, सम्झे यायेगु ला खः, का सा खबर वयेवं तुरुन्त छैंय् वये धकाः मोबाइल दिका ।

नुगः झ्यातुसेच्वन, बुद्धवचं नुगलय् सलल भयूबिल ...

**अनिच्चा वत संखारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो'ति ॥**

(संस्कारजन्य वस्तुत फुक्क हे नश्वर खः, अनित्य खः, उत्पन्न जुक्व हे व्ययजुया हे फुनावनी, न्हनावनी, तनावनी, म्वानाच्वंपिं धाक्व सिनां हे वनीगु ला स्वभाव धर्म हे खः, उत्पन्न जुया नाश जुयावनीगु स्वया नं यथार्थतः शान्तगु हे निर्वाणिक सुख जुयाच्वन ।)



*निवासया बैठककक्षस साहुजी व साहुनीया ब्वयातःगु पोट्रेड किपाःयात क्रप्ट यानातयागु साहुजीया किपाः*

आधुनिक नेपाःया बुद्धशासनिक ख्यलय् छम्ह अग्रणी दानी-महादानी दाता ९१ वर्षीय उपासक (रत्नमान सिंह अर्थात् चिकाजी व मोतिलानी तुलाधरया काय्, जन्म बि.सं. १९८८ भाद्र १९ स दगुबहाः, असं) श्री द्रव्यमान सिंह



*कोठाय् यखानातःथासं लिकाना सकलसितं श्रद्धादेछाया लागी च्यानाच्वंगु देवासहित ब्ययातःगु साहुजीया किपाः*

क्लिकक्लिक यानातयागु वहे किपाः मिखाय् लुयावई अले ला तुरुन्त मोबाइलया ग्यालरी चायेका, हथाय्मथाय्चाचां पतिंचासंकुसंकु माला, भाइराजा साहु व बसुन्धरा साहुनीया व किपाःतय् क्रप यासे भाइराजा साहुया किपाःसहित अनिच्चावत संखारा शीर्षकलिसें वय्कः मदुगु बुखं सकसियाँ जानकारी हेतु पोष्ट याना, प्रविधिया सदुपयोग जूगु तायेका कि भाइराजा साहु मदुगु बुखं सेयर, कम्मेन्ट व लाइक्सं सम्प्रेषण न्यनावंगु हे जुल ।

धर्मकीर्ति विहारय् भोजन नयाच्वच्वं रिनादिदीया हाकनं फोन वल .... भन्ते चीवर छ्ज्वः नं ज्वनाबिज्याहुँ ।

ज्यू ज्वनावये, पांसुकुल कापः (मृतकवस्त्र, तुयुकापः) नं लिसें ज्वनावये धकाः लिसः बियाकथं हाकनं बुद्धविहारे दुस्ववना, चीवर व तुयुकापः कया, उबले खादा छपु नं ज्वनावनेमाली का धयागु मत्ति छु वइ, मंगोलिया वनाबले (20 June, 2019) तःजिक लसकुसलिसें हम्बो लामाया गुम्बाय् च्वंवनाबले प्राप्त खादा बुद्धविहार उलेज्या जुइबले भाइराजा साहुयात क्वखाय्के धकाः जतन यानातयागु विशेष प्रकारया उगु तासयागु खादा हे ज्वनावना, साहुयात क्वखाय्के मखनीगु तुलाधर (श्री भाइराजा साहुजी) नं मन्त का ! वय्कलं यानाथकूगु बुद्धशासनिक गुण लुमना वइ, अनिच्चावत गाथा लुमंकाच्वनाम्ह जिगु मिखा नं रसय् जुइ, वय्कःया बुद्धशासनिक गुणानुस्मरण यासे वय्कःयात सुगतिसहित जन्म, जरा, व्याधि व मरणं मुक्तगु निर्वाण कामना यायां मोबाइलय् टाइप नं याना, Kondanya Nepal फेसबुक आइडि चायेकेधुनी, साहुया किपाः नं माल, अले जिगु मानसपटलय् साहुजीपिनिथाय् भोजन वनाबले अंगलय् ब्ययातःगु, थःत यःताःगु किपाः अन वंकोपत्तिं मौका चूलात कि मोबाइलय्



*कोठाय् जवंखवं साहुजी व साहुनीया किपाः यखानातःथाय् जवय् साहुजीया किपाः खाली जुयाच्वंगु लू*

खादा वय्कःया पार्थिव शरीरय् फायकेगु सम्म जुइ धयागु नुगःमछिंगु छथी, मेखे भ्रूचाःगु नुगः भ्रंभ्रं भ्र्यातु थें जुजुं हे सम मार्ग, गैह्रीधारा निवास थ्यन ।

न्हापा अन थ्यनीबले मूध्वाखाय् थ्यनेधुंका जक चालीगु/चायकीगु व ध्वाखा भ्वातां चायाच्वन । थः परिवारपिन्त सुव्यवस्थितरुपं दयकाथकूगु ज्वलाःगु छैं, खुरुखुरुं दुहाँवनाः गुखेथें धका न्यने म्वायक हे स्तब्ध, शान्त, निःशब्द लिसें भावुक मुद्राय् अन मुनाच्वनेधुंकूपिनिगु इशारां भाइराजा साहुया सीम्ह ग्वतुकातःथाय् थ्यंका, देवं फायेका स्वाँ व खादाया च्चःने हे जिं नं मंगोलियां ज्वनावैगु व हे खादा साहुजीया पार्थिव शरीरय् फायेका, पलख दिनाः हे अनिच्चावत संखारा .......ब्वब्वं वयकःया म्हय् च्वं-क्वय्, क्वं-च्वय्तक अनुलोम प्रतिलोमकथं मिखाफुति मयासे सीम्ह स्वस्वं गाथा उच्चारण याना । आयु, उष्णता (क्वाःगु) व विज्ञान (चेतना शून्य) स्वतां अलग्ग जुइधुंकूम्ह साहुजीया भौतिक देह स्वयातुं च्वना, धात्थें ला बुद्धभासं नष्ट, भेद, अन्तरधान, लोप, मृत्यु, स्कन्ध विनाश, जीवित इन्द्रीय त्वाःदलाः पूर्णरुपं चब्बुइगु, च्यूत जुइगु, चेतना शून्य जुइगु थ्व अवस्था धैगु हे मरण खः, मृत्यु धाःगु थ्व हे का स्व ! धका भाइराजा साहुजीं अप्रत्यक्ष रुपं सन्देश ह्वलाच्वंथें महसुस याना ।

जिगु मिखां उपासिका बसुन्धरा साहुनी मालाच्वन, कोथाय् हे नापलायेत वना, सुंकसुंक ख्वयाच्वंगु सः पिज्वयाच्वन, दुःखंकःम्ह साहुनीयात धैर्य यायेमाः का धकाः खोकनासलं हःपाः ब्युब्युं हे दुने दुपिसं का का भन्तेपिं बिज्यात स्व, ख्वये मज्यू धका ला धाई तर ह्वाँय् ह्वाँय् ख्वःसः चिच्चादनी, अन असह्य विरहभाव पिज्वयाच्वन, मानवीय संवेदना बडो अजीव जुयाच्वनीगु धाःगु थ्व हे जा खः नि ! धाये ला अःपु, हःपाः बी ला अःपु तर चखुंबखुंथें जीवन ह्वनाच्वंपिनि दथ्वी बायाच्वनेमालीगु पीडां साहुनीयात छु गुलि थाकुयाच्वन व ला भुक्तभोगीं जक अनुभूति यायेफइगु जुयाच्वन । मेपिसं ला स्याःचाः घालय् मलमपत्ति तयेथें हःपाः बीगु, नुगः चीमाः, धैर्य यानादिये माल का धकाः धम्मवती गुरुमांलगायत अन मेमेपिसं धयाच्वंगु व हे भ्वलय् जि नं भ्वःछुनाः ख्वयाच्वंम्ह उपासिकाया ब्वहलय्, ल्हाःती उसिउसि यानाः हे ख्वयादी मज्यू, धैर्य यानादिसं, साहुजीं यानाथकूगु उलिमछि धर्मकर्म/पुण्यधर्म लुमंका मन चीगु का ! सकल परिवारं फूगुचाःगु जिक्वधाक्व कुतः याःगु हे खः, सुसाःकुसाः यायेगुली नं छुं छुं हे मगाःमचाः मदयक ज्या याःगु हे खः, मन कमजोर यायेमज्यू, मन बःलाकादिसं ले धका याउंक हे धया, तर वयकःया व विरह स्वस्वं मत्ति वन कि भावनात्मक स्वापू नं दुःख धाःगु थ्व हे खः, न्हापालिपा नं ह्वाँय्ह्वाँय् ख्वयाच्वंपिनि दथुइ नं अनित्यस्मरण लिसें मरणानुस्मृतिसम्बन्धी बुद्धशिक्षाय् लिधनाः उपदेश कनाच्वनाम्ह जितः नं उकथंया उपदेश लिसाकाकां थःतथःम्हं कनेमाःथें जुयावल । साहुजी म्हंमफुबले फोनय् जक नुगः मछिंका साहुनी ख्वःगु सः ताःम्ह जिं प्रत्यक्षरुपं विरही उपासिका ख्वःगु अनुभूतिं असह्य विरहभाव प्रवाहित जुल । जितः लुमं साहुजीया छेँय् छवाःयंक न्ह्याःगु महापरित्राण पाठ, २०७४ असार २ गते क्वचायेकेगु दिं, सामूहिक पाठ जुयाच्वनीगु, उबले पाठ न्यनाच्वनादीम्ह साहुजीया लाः प्यालां वःथें विस्तारं मचायावंम्ह थें जुयावनी, बा बा धका सःती, उसिउसि यायां तुरुन्त हे काय्पिसं हस्पिटल ब्वाकल, पाठ यानाच्वनापिं जिपिं भन्ते गुरुमांपिं अक्क न बक्क, छु याये गथे याये थें पलख ला पाठ हे दिकेमाःथें जुल, परिवारजःपिनि सकसियां खोकना सः, अनइजि कण्डिशन ब्वलन, मेमेपिं ख्वःसां तबि उबले साहुनी धाःसा थीरधीर जुया थःतथःम्हं भाःप्यूगु व लू जिगु मानसपटलय् चित्रित जुल, उबले तुरुन्त हे साहुजी खतरांमुक्त धयागु खबर अन च्वँच्वं न्यनेदत तर अथे सां उगू लू छु जूगु खःल्याः धयाथें इलय्विलय् लुमना च्वनीगु ।

निम्हत्युपुया जीवनय् बायेमालीगु अवस्था असह्य व हृदयविदारक हे जुइगुसम्बन्धी धम्मवती गुरुमांलिसे खंल्हाबल्हा जुयाच्वनीबले जिगु मिखां कोथादुछिं इमाःमन्दःकाःबले खाताया खवपाखे बसुन्धरा उपासिकाया बाँलाःगु किपाः यख्खानातःगु स्वस्वं जवय् धाःसा खाली खना, व हे फोटो पिने चिकिधंगु मेचय् च्यानाच्वंगु देवा न्ह्यःने खादां क्वखायेकातःगु जुयाच्वन, खवय् उपासिकाया सालीन किपाः स्वस्वं जिगु नुगलय् धौबजि वाल । गुलि ल्वयेक निम्हसिया फोटो जवंखवं ब्ययातःगु जुइ, जवय् खाली खाली, शून्य शून्य महसुस जुजुं कोथा छगुलिं, बाँलाःगु

व छैं, अनया सारा सारा लकस हे शून्यथें महसुस जुइ, खाताया च्वसं गुलि जक स्वयाच्वनागु हाँ ! स्वयाच्वने म्वाल पिने हुँ ! पिने हुँ ! धयाथें थःतथःम्हं घ्वानाहःम्ह थें, अले ला जि खुरुक्क कोथां पिहाँवया ।

साहुजीया सीम्ह सतिक भिक्षुसंघ मुनाच्वंथाय् फेतूवना, भिक्षुसंघ व अनागारिका गुरुमांपिनिपाखें संयुक्तरुपं सुगतिसहित निर्वाण साक्षात्कार हेतु मराणानुस्मृतिसहित परित्राण पाठ जुइ, मृतकवस्त्र दानंल्यू वज्राचार्य गुरुजुपिनिपाखें नं परिशोधन पाठ जूगु इलय् हे अनित्यस्मरणसहित साहुजीया बुद्धशासनिक योगदानयात च्वछासें उपदेश कनेगु सुअवसर चूलात । नेपाःया आधुनिक बुद्धशासनिक ख्यलय् छम्ह अग्रणी दानी महादानी श्रद्धालु दाता उपासक द्रव्यमान सिंह तुलाधर (भाइराजा साहुजी) छम्ह स्यलाःम्ह, दुकुलाःम्ह, बुद्धशासनया भिंचितामि उपासकया शासनिक योगदान लुमंकुसे बुद्धं संयुत्तनिकायस आज्ञा जुयाबिज्याःकथं **रुपं जीरति मच्चानं नाम गोत्तं न जीरति** ... अर्थात् मनूया रुप जीर्ण जुया मदयावंसां तबिनं वया नां व गोत्र सुकीर्ति ल्यना हे च्वनीथें भाइराजा साहुजी मन्त, थ्व यथार्थता खः, तर वय्कःया बुद्धशासनिक सुकीर्ति ल्यना हे च्वनी, वय्कःया लुमन्ति ल्यना हे च्वनी, बुद्धशासनिक ख्यलय् भाइराजा साहुजी म्वाना हे च्वनी ...... दुःखं कयाच्वंम्ह मांयात याकःति महसुस मजुइकथं अझ आपा कःघायेगु जक मखु साहुजीं यानाथकूगु व लेगासी, व विरासतयात च्वन्त्याकेगु ब्वहलय् वःगु उपिं सकतां गहन जिम्मेवारीयात पूवंकेगु धयागु हे धात्थेंगु श्रद्धाञ्जली जुइ ...... बःचाहाकलं उपदेश क्वचायेका सुगतिसहित निर्वाण कामना याना ।

पारिवारिक गुर्जु रोहिणी वज्राचार्यपाखें नं सिथंयंके विधिकर्म जुइ, सीम्ह गाडी तइबलेया व लू व सन्नाटां अनया सारा लकस हे मौन जुयाब्यूथें, अपाय्सकं झझःधाःगु छैंया शोभायमान बगैंचाय् पिनातःगु/ह्वयाच्वंगु स्वाँसिमाया हः कचामचा नं फितिक्क मसंसे, सकसिनं हे धर्मसंवेग उत्पन्न यानाः थुलि स्तब्ध / शान्त / निश्चल / नतमस्तक भाव पिज्वेकाः अप्रत्यक्षरुपं दिवंगत छैंया हामा भाइराजा साहुजीयात अल बिदा साहुजी ! अन्तिम विदाई न्हैं ला ! धका पितब्यूगु थें अनुभूति जुइ, पिने तुमछ्याँय् पाकुँछ्याँय् सः झंझं तसः जुजुं थ्वयावनी । सुपुत्रपिं राजु व राजन लिसें छय्पिंलगायत तुयुगु गाँ न्ययाः सीम्हदुगु गाडिया ल्यूल्यू न्ह्याःगु स्वस्वं मुनाच्वंपिं नं विस्तारं न्ह्याइ, छैंय् धाःसा ख्वःसः झं झं ततःसः जुयावनी, मुनाच्वंपिं सकलें कर्णदीप स्वया सनाः वनी ।

जिपिं भन्तेपिं राहुल, शोभित, सुद्धिको व जि नं ट्याक्सिं लुती थ्यंका, गुलिं बाइकं, गुलिं गाडिं अन थ्यनी, ३ बजेति साहुजीया सीम्ह क्वबियाहःगु गाडि लुति थ्यनी, अले शोभाभगवतीस्थित कर्णदीपपाखे सिथं यनी । दिपय् सीम्ह थ्यनेन्ह्यवः हे मनूत मुनाच्वनेधुंकी, नरेश गुरुजुसहितया टोली, जिपिं ४म्ह भन्तेपिं व ३म्ह अनागारिका गुरुमांपिं (अ. कुसुमसहित) अन थ्यनी । रोहिणी गुरुजुयात न्हाय्पनय् खसुक्क धया– "गुरुजु ! छपिनि ज्या सिधय्वं मितयेन्ह्यः (दागबत्ति) भन्तेपिसं अनिच्चावत संखारा पाठ यानाबिज्याई, अले गुरुजुपिसं परिशोधन पाठ यानाबिज्याई, वयांल्यू जक मितयेगु ज्या न्ह्याकेमाली ।" उकथं हे अन्तिम घडी हाकनं छक्वः दिपय् चिताय् थ्यनातःम्ह महादानी उपासकया पार्थिव शरीर लिक्कसं च्वना अनित्यस्मरण-मरणानुस्मृति पाठ जुइ, उबले व्यवस्थापकीय पुचः योगाम्बर गुथिया अनुरोधकथं मौन धारण नं क्वचाई, अले साहुजीया तःधिकम्ह सुपुत्र उपासक राजु तुलाधरं चिता जवं/खवं स्वक्वःतक चाःहुलेधुंका मि तल/दागबत्ति बिल, कुं कुं जक जुल, फेतुनाच्वंपिं बुलुहुँ बुलुहुँ दन, गुलिं मिखा प्यू वन, गुलिं थःथःगु लँपु लिनावन । द्रव्यमान सिंह तुलाधर (भाइराजा साहु) या नश्वर देह च्याच्यां कुं सर्गः हे छस्वा जुयावंथें हाकनं छक्वः व हे स्तब्धता, मौनता व शून्य, शून्यता हे जक थें जुल ।

भाइराजा साहुया सीम्ह चतुरमहाभूत पृथ्वीधातु, आपोधातु, वायोधातु व तेजोधातुइ विलय्जुजुं वन (पञ्चतत्व) लिहाँ वयाच्वनाम्ह जिगु नुगलय् धाःसा भाइराजा साहु म्वानाच्वंम्ह थें हे दँफाल, पुलांगु लुमन्ति नस्वाःगु स्वाँमा हनेथें छसिंकथं थुकथं दिपाः मदय्क न्ह्यच्यूवःगु वलं हे जुल ......

बुद्धजन्मभूमि नेपाःदेया आधुनिक बुद्धशासनिक ख्यलय् छम्ह अग्रणी दानी-महादानी दाता उपासक श्री द्रव्यमान सिंह तुलाधर उबलय् तक म्वाना हे च्वनी गुबलय् तक पुनर्निर्मित धर्मकीर्ति विहार धस्वानाच्वनी



*यँया भृकुटीमण्डपस्थित पुनःनिर्मित बुद्धविहारे भाइराजा साहुजी परिवारपाखें नवनिर्मित धम्मागार धम्महलय् स्थापित बुद्ध-प्रतिमा*

(समुद्घाटन वि.सं. २०५९ मंसिर ७).... गुबलय् तक पुनर्निर्मित भोंतस्थित ध्यानकुटी विहार धस्वानाच्वनी (वि.सं. २०७८ सालय् निर्माण सम्पन्न) .... गुबलय् तक पुनर्निर्मित निर्वाणमूर्ति किण्डोल विहारया बुद्धगया शैली व कुशीनगर आकृतिसहितया सम्मिश्रण वास्तुयुक्त भवन धस्वानाच्वनी (वि.सं. २०६८ पौष २१ गते उलेज्या सम्पन्न) ..... गुबलय् तक पुनर्निर्मित गणमहाविहारया धम्महल व बुद्धप्रतिमा ल्यनाच्वनी (वि.सं. २०७८ सालय् निर्माण सम्पन्न) ...... गुबलय् तक पुनर्निर्मित बुद्धविहार भृकुटीमण्डपया धम्मागार धम्महल व तथागतया प्रतिमा ल्यनाच्वनी (वि.सं. २०७८ सालय् निर्माण सम्पन्न) ...... गुबलय् तक पवित्र लुम्बिनी परिसरया धर्मोदय स्वयम्भू महाचैत्यया गुम्बज दुने १६ फीटया दनाच्वंम्ह बुद्धप्रतिमा ल्यनाच्वनी (वि.सं. २०६६ पुष १ गते प्रतिस्थापन पूजा सम्पन्न) .... गुबलय् तक धर्मोदय महाचैत्य परिसरस थेरवाद कम्पोनेण्ट विहार ल्यनाच्वनी (वि.सं. २०७५ मंसिर १ गते उलेज्या) .... गुबलय् तक लुम्बिनीया कलात्मक नेपाल वज्रयान महाविहार धस्वानाच्वनी (सहश्रभूलोकेश्वरसहितया कुथि) ..... उगुंथुगुं व थ्व गुलि गुलि का ... ! भाइराजा साहुजीं शासनिक, साँस्कृति, सामाजिक ग्वहालि यानाःतःकथंया संरचनात गुबलय् तक ल्यनाच्वनी, उबलय् तक भाइराजा साहुजी भौतिककथं मदयावंसां तबिनं बुद्धशासनिक ख्यः लिसें सम्बद्ध ख्यलय् वय्कःया योगदान ल्यना हे च्वनी, व हे सुकीर्ति व बिस्कंया योगदानं दानी-महादानी उपासक द्रव्यमान सिंह तुलाधर (भाइराजा साहुजी) सकसियां नुगः नुगलय् ल्यनाच्वनी, म्वाना हे च्वनी ।

दुःखंकःपिं दानीदाता उपासिका बसुन्धरा तुलाधरसहित कायपिं राजु व राजन, भौपिं रीना व कल्पना, म्ह्याय् कल्पना व जिजाभाजु अमिताम्भ तुलाधरलगायत सकल छेँजःपिसं अनित्यस्मरणसहित धैर्यधारण याये फयेमाः । लिसें अग्रणी दानी-महादानी दाता दिवंगत भाइराजा साहुजीयात सुगतिसहित जन्म, जरा, व्याधि, मरणंमुक्त निर्वाण कामना याना, **निब्बाणस्स पच्चयो होतु ॥ अस्तु ॥**



# दानपति दाता भाइराजा साहु

- भिक्षु राहुल
ध्यानकुटी विहार, बनेपा



*दाता उपासक द्रव्यमान सिंह तुलाधरद्वारा निर्माण गर्नुभएको ध्यानकुटी विहारको नयाँ भवन*

**"रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति"**

अर्थात्- रूप जीर्ण जुया वनी तर नाँ व यानादीगु भिंगु ज्या खँ सदां ल्यना च्वनी ।

नेपाःया बुद्धशासनिक क्षेत्रय् यक्व नाा जाःम्ह व्यक्तित्व खः द्रव्यमान सिंह तुलाधर (भाइराजा साहु) नेपाःया बुद्धशासनिक इतिहासय् सदास्मरणीय नाँ ल्यंका अस्थिरगु देह तोता बि.सं. २०७८ पौष ६ गते परलोक जुयादीम्ह द्रव्यमान सिंह तुलाधर (भाइराजा साहु) उपासकयात दहले न्हापां निर्वाण कामना यानाच्वना ।

नेपाःया थेरवाद बुद्ध शासनया उन्नतिया लागि योगदान बियादीपिं व्यक्तिपिं मध्ये छम्ह स्यल्लाम्ह क्वातुगु श्रद्धादुम्ह, दानीम्ह उपासक खः द्रव्यमान सिंह तुलाधर । बुद्धशासन इतिहासय् बुद्धकालीन समये बौद्ध अग्र दायकया रूपय् अनाथपिण्डिक महाजन तसकं नाँजाःम्ह बौद्धोपासक खः । गुम्हसिनं ५४ करोड धन परीत्याग याना जेतवनाराम विहार दयेका बुद्ध प्रमुख भिक्षु संघयात दान यात ।

कोशल देशया राजधानी श्रावस्ती सुमन धैम्ह सेंठया काय् खः सुदत्त । गुम्हसित थःअबु मदये धुंका सेंठ पदवी प्राप्त जुल । थःअुया पलाखय् वना धार्मिक पूर्वकं व्यापार याना यक्वं धन सम्पत्ति कमे यात । थःम्हं कमे याःगु धन सम्पत्ति अनाथ, गरीबपिन्त गुहालि यात । विशेष याना असहायपिन्त नेत्वनेगु आहार द्रव्य दान बिल । उकिं याना सुदत्त सेंठ अनाथपिण्डिक सेंठया नामं प्रसिद्ध जुल ।

अनाथपिण्डिक महाजनया म्ह्यायूपिं महा सुभद्रा, चूल सुभद्रा, समुना स्वम्हं बौया पलाःखय् वना बुद्धया उपदेश न्यना श्रोतापन्न, सकृदागामी मार्गफल प्राप्त



ध्यानकुटी विहारस्थित मैत्री बाल आश्रममा द्रव्यमान सिंह तुलाधर एवं
उहाँकी धर्मपत्नी बसुन्धरा तुलाधरद्वारा सहयोग दान




श्रद्धेय अश्वघोष भन्तेलाई सश्रद्धा दान गर्दै




याना काःपिं । अनाथपिण्डिक महाजन थःम्ह्यायापिन्त जकः मखु बुद्धया उपदेश न्यंका भिंगु मार्गे छ्वःगु, थः छ्वय्पिन्त तकनं बुद्धया शिक्षा बिया भिंगु मार्गय् छ्वःगु धैगु थः छ्वय्या म्हितेगु कतांमरी बेंय् कुतुं वना ताज्यागुलिं दुःखजुया ख्वयाच्वंम्हसित शान्त यायेत तज्याःगु कतामरीया नामं भोजन दान ब्यूगु इतिहास दु । थुपिं खँत अनाथपिण्डिक महाजनया चरितार्थ कथं भ्रीसं नं आदर्श कायेबहःजू ।

अनाथपिण्डिक महाजनया पाखें कायेगु मेमेगु नं आदर्श यक्वं दु –

१) त्रिरत्नया प्रति अचल श्रद्धांयुक्त जुया ज्याखँ यायेगु
२) भिंगु ज्या सफल यायेत दत्तचित्त जुया ज्या यायेगु
३) उपक्रमशीलि जुया थः मस्तेत नं भिंगु मार्गय् छ्वयेगु
४) असहायपिन्त सहयोग यायेगु
५) धार्मिक जीवन हनेगु आदि

अनाथपिण्डिक महाजनया जीवन चर्या अध्ययन याना यंके बले आःयागु इलय् नं उत्तिहे ग्यंम्ह छम्ह उपासक खः दिवंगत भाइराजा साहु, गुम्ह थःपरिवार् च्वंपि कायपिं, म्ह्यायपिं, भौपिं, छ्वय्पिन्त नं भिंगु मार्गय् वनेगु लँपु क्यना थकल । परिवारय् छम्ह हामाः जुया थःम्हसिनं यायेमाःगु कर्तव्य दक्वं पूवंका परिवारया लागि, समाजया लागि नं, थःम्हं माने यानाच्वनागु धर्मयाप्रति नं उलि हे दुग्यंगु मनं श्रद्धाचित्त ब्वलंका धर्मय् दत्तचित्त जुया सेवा याना दिल । थुगु कसतां सेवा यायेत लिक्कसं च्वना धैर्य बिया गुहाली यानादीमह बसुन्धरा उपासिका नं पुण्यकार्य यायेगुली कम मजू ।

भाइराजा साहु बुद्धसासन प्रति गुलितक श्रद्धा व भक्ति दु धैगु छर्लङ्ग खनेदुगु चिं खः, धम्मवती गुरुमां च्वना बिज्यानाच्वंगु धर्मकीर्ति विहार निर्माण याना दीगु व नेपाःया खुमम्ह संघनायक दिवंगत श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भन्तेनं बि.सं. २०३० सालय् स्थापना याना बिज्याःगु ध्यानकुटी विहार पुर्णरुपं न्हूगु कथं निर्माण यायेगु जिम्मा कया दील । वयकःनं विहार दयेका बियेगु जिम्मा कयादीथें निर्माणकार्य नं बाँलाक पूवंका दिलसा छुहे कमीकमजोर मजुइक विहारयात माःमाःगु फुक्कं थःम्हं हे मनं खना यानादिल । विहारे दयेके माःगु निर्माण समबन्धी धायेम्वाःयेक मनं खना ज्या यायेगु स्वभाव दुम्ह श्रद्धावान उपासक खः भाइराजा साहु । वयकः कुशल कार्यय् नगुः स्यायेगु स्वभाव भचाहे मदुथें परित्याग यायेगुली निस्वार्थ भावना दुम्ह, मुक्कं







बुद्धशासन चिरस्थायी जुयेमा धैगु भिंगु मनं तुना सकल कार्य सम्पन्न यानादिल । वयकःनं थेरवाद बौद्ध विहारया लागि जक मखु, बज्रयान गुर्जुपिनिगु विहार आदि अन्य धार्मिक तथा संस्थागत गुथि आदि सम्बन्धित थायथासे निर्माणया ज्याय् नं उलि हे गुहाली याना योगादान बियादिल । यक्वःनं गुहाली यानादीगु विहारत मध्ये निर्वाणमूर्ति विहार, भृकुटी मण्डप बुद्ध विहार, गणमहा विहार, आनन्द भुवन विहार आदि खः । ध्यानकुटी विहारे २०५७ सालय् स्थापना जूगु मैत्रीकेन्द्र (मेत्ता सेन्टर) य् च्वंपिं मस्तेत दैनिक कथं माःगु खाद्यान्न तथा महत्वपूर्णगु शिक्षाया लागि नुगः मस्यासे आर्थिक सहयोग यानादिल । थुकथं शुद्धगु मनं बुद्ध शासनया लागि व सामाजिक क्षेत्रय् वयकःनं यानादीगु महान कुशलकर्मया प्रभावं वयकःयात सकल दुःखं मुक्तजुया निर्वाणपद लाभ याना काये फयेमा धका दुनगुलं निसें प्रार्थना यानाच्वना ।

दिवंगत जुया दिम्ह भाइराजा साहु द्रव्यमान सिंह तुलाधर उपासकया निर्वाणपद लाभ जुयेमा । ■

# पुण्यानुमोदन



– डा. धम्मविजया गुरुमां
उपासक निर्वाणमूर्ति विहार, किम्डोल

दानपारमिता पूर्ण यायेगु भ्वलय् नेपाःया न्हापांगु अनागारिका गुरुमां (भिक्षुणी) पिनिगु ऐतिहासिक विहार 'निर्वाण मूर्ति विहार' किम्डोल अवस्थित तथागतयागु निर्वाण मूर्ति स्वनातःगु बुद्धहल न्हुधाः यानाः दान अनुमोदन याना दिइम्ह दानविर भाइराजा साहुजुयागु अनन्तयात्रा निर्वाण त्वाथले दिपाः कायेमा धकाः आशिका यासे पुण्यानुमोदन याना च्वना। "**निब्बानस्स पच्चयो होतु**"।

दिवंगत द्रव्यमान सिंह तुलाधर (भाइराजा साहु) थौं थ्व संसारे मन्त तर नां दनि भगवान बुद्धया सत्य वचन थन भ्मीत प्रमाणित जुयाच्वन। उपासक साहु असं दगुबहाः निवासि असं उदाय् ल्हासा साहुजु कथं नां जाःम्ह, अतिकं भलादमीम्ह, मिलनसारम्ह, समाजं व्हाम्ह, नाइसे च्वंगु ख्वाः मैत्रीं बिलिबिली जाःम्ह शान्त स्वभावम्ह जुयाः धर्मे नां जाःम्ह साहु भाइराजा खः। जिनं प्रवजित जुइ न्ह्यवः असंयाम्ह हे म्ह्याय्मचा जूगुलिं वय्कयात जिं न्हापांनिसें खनाच्वनाम्ह साहुजी खःसां गुरुमां जुइ धुंकाः धर्मकीर्ति विहारय् धम्मवती गुरुमांया चेली जुया च्वनाबलेनिसें वय्क उपासक भाइराजा साहु व जहान बसुन्धरा साहुनीनापं धर्मया ख्यलय् क्वातुक स्वापू दत।

उकुन्हु २०७८ साल पुस महिनाया ७ गतेया दिं सुथ न्हापां फोन वल– उपासक भाइराजा साहुजीं भ्मी सकलसित अनित्य बोध याकाः निर्वाण हेतुं महाप्रस्थान यानादिल धैगु बुखँ न्यने माःबले, न्ह्याबलें अनित्य बोध ध्यान याना च्वनाम्ह जूसां उगु खबरं नुगयात छ्यौ स्तब्ध जुल। अले म्हुतुं पिज्वल –

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**

अले धौछि लिपा उपासक भाइराजा साहुया न्हिलाख्वाः व छाइसे नाइसे च्वंगु सःया पृष्ठ भूमि २०६१/६२ सालयागु घटना पिलूवल।

निर्वाण मूर्ति विहार नेपाःया थेरवाद विहार गुरुमां (भिक्षुणी) पिनिगु न्हापांयागु स्थापित विहार खः। थ्व विहारया संस्थापक श्रद्धेय धर्मचारी गुरुमां व विरति गुरुमां पिनिगु देहावसान लिपा नेपाःया थुगु ऐतिहासिक विहारयागु अवस्था न्हियान्हिं जरजर व जीर्ण जुयावंगुलिं उगु विहारयागु जिम्मा धर्मकीर्ति विहारया श्रद्धेय धम्मवती गुरुमांयात दोहलपित। गुरुमां पाखें विहारयागु व्यवस्थापन धिसिलाक कायफुपिं गुरुमांपिन्त विहारयागु जिम्मेवारी बिइमाल धैगु उपासक उपासिका पिनिगु इनाप कथं श्रद्धेय धम्मवती गुरुमांयागु उजं कथं जि डा. भिक्षुणी (गुरुमां) धम्मविजया व जिगु धर्म सहपाठी डा. मोलिनी गुरुमां (बर्मा) द्वोय वि.सं. २०६० साल बैसाख महिनासं थुगु जरजर अवस्थागु विहारे प्रस्थान यानागु जुल।

उगु बखतय् विहारे गुरुमांपिं च्वनेगु आवास गृह जक मखु मुख्यगु धम्महल व तथागतयागु निर्वाण मूर्ति प्रतिमा तक्कं लथालिङ्ग अवस्था जक मखु विहारयागु स्वामित्व बारे अदालतय् मुद्दा जुयाच्वंगु अवस्था खः। नित्य पुजा व लय् पत्तिकंया बुद्ध पुजाबले मछिंगु व उपासक-उपासिकापिन्त बुद्ध हल पिने तयाः बुद्ध पूजा यायेबले बुद्ध हल याकनं देयके फयेमा धकाः प्रार्थना याना च्वना, थ्व जिमिगु तःधंगु अधिस्थान खः।

थुगु कथं विहारया अवस्था साधारणं न्ह्याका च्वंगु ज्याभ्वले छन्हु आका भ्माकां धयाथें उपासक भाइराजा साहुजी व बसुन्धरा साहुनी विहारय् भ्मायाः थुगु विहार बांलाक निरीक्षण यानादिल, खँल्हा, बल्हा नं बांलाक हे जुल। अले थुगु विहार नापं साहुजीया मां श्रीमती मोतिलानी तुलाधरयागु तच्वकं भावनात्मक स्वापू दुगुलिं मांयागु लुमन्तिइ थ्व बुद्ध हल व विहार परिसर न्हुधाः यायेगु उजं फ्वनादिल। थजागु धर्म प्रति पूर्ण प्रस्ताव मज्यू धायेगु ला खँहे मदु तविनं थः गुरुमां श्रद्धेय धम्मवती गुरुमांयागु स्वीकृति कासे साहु साहुनीयात तत्काले बुद्ध,

धर्म, संघ, मातापितु, आचार्य गुरुपिन्त शिरे तयाः साधु! साधु!! साधु!!! धका साधुवाद देछाना । अनं लिपा थ्व बिषय लःय्पतिकं यागु बुद्ध पुजाय् थ्व खँ न्ह्यथना बले, सकलें उपासक-उपासिकापिं लय्तायाः छगुः शब्दं साधुकार बिल अले साहुजीया सपरिवारयात सुवाः बिल ।

थुकथं प्रस्ताव क्वछ्यूगु दिं लिपा निसें निर्माण कार्य शुरु जुल । २०६८ सालया दुने साहुजीया इच्छा अनुसार धिसिलाक्क विहार निर्माण जुल । विहार निर्माण दुने साहुजीयागु धैर्यता मेहनत इन्जिनियरपिंत नं न्ह्याबलें मैत्रीभावं खँल्हाना च्वनीगु महसुस जू । थ्व हे साहुयानं तःधंगु धर्मप्रति क्वसाःगु चित्त खः ।

उकथं २०६८ साले थ्व विहारया उद्घाटन जुल । व अवस्थाय् साहुनं थः मांनं धयातःगु वचनत सकस्यां न्ह्यने प्रस्तुत याना दिइबले सकल उपासक-उपासिका पिनिगु मिखां ख्वबिहाल ।

भगवान बुद्ध मांया गुण अनन्त दसु प्रमाण थौं भ्हीत धर्म प्रिती दुम्ह साहु भाइराजा तुलाधरयात निर्वाणमूर्ति विहारे साहुयागु कृतिनं दया हे च्वनी ... च्वनी ... ।

भवतु सब्ब मंगलं ।

**"भावनामय प्रज्ञा भनेको के हो ?" बाँकी अंश** ... ....

धर्मको नाममा समाजमा यही त हुन्छ नि । धर्म सेवन गर्दैन । भावनामयी प्रज्ञा जाग्यो भने धर्म धारण गर्न थाल्छ ।

कस्तो छ भावनामय प्रज्ञा ? जसले आफ्नो जीवनमा धर्मको कुरा कहिले पनि सुनेको छैन भने उसले भावनामय प्रज्ञा कसरी जगाउँदछ ? धर्म कसरी धारण गर्दछ ? धर्म मार्गमा कसरी अगाडि बढ्न सक्छ ? त्यसैले धर्मलाई सुन्नु अति आवश्यक छ श्रुतज्ञान हुनु अति आवश्यक छ । त्यस्तै सुनेको धर्मलाई चिन्तन-मनन गर्नु त्यत्ति कै आवश्यक छ । अन्ध श्रद्धाले स्वीकार्नु हुँदैन । खूब विचारेर, खूब बुझेर, यो कुरा ठीक हो, तर्क संगत छ, युक्ति संगत छ भन्ने ठानेर मात्रै स्वीकार गर्नुपर्छ । फेरि स्वीकार गरेर मात्रै हुँदैन त्यसलाई स्वयंले अनुभव गर्नुपर्दछ । आफूले अनुभव गर्दै गयो भने धर्म सेवन गर्दै अगाडि बढ्दछ ।

*( क्रमशः ५४ पेजमा हेर्नुहोला )*

## बुकेतया स्वाँ थ्व स्वपासः जिगु दुनुगलंनिसें दिवंगतपिंत श्रद्धाञ्जली नापनापं कामना निर्वाण नं



**- डा. चन्द्रेश रत्न तुलाधर**
(बरिष्ठ बालरोग तथा पारिवारीक विशेषज्ञ)

नुग मच्छिं तसकं तसकं
बिचाः हाय्का च्वना जिं
म्हिगः खनापिं थौं मंत
जि कुलया थीगु रत्न
म्हिगः लोक हे प्वाला प्वाला
अनित्य खनिसा कुल नं ।
हर्षया तःधंगु खानी रत्न
दान धर्म जक इना ब्यु ब्युं
फुनावन थौं हर्ष नं ।
द्रव्यमानसिंया जाः नां जगतय्
इनावन बुद्ध शासनयात मानद्रव्य
वन अनाथपिण्डिकया पलाखे ।
कुल, हर्ष, द्रव्य दया नं
मदु संसारे छुं हे स्थिर
म्हिग खनापिं थौं मंत ।

# लुम्बिनीइ च्वंगु झीगु नेवा विहारे भाइराजा साहुजुया योगदान



– प्रा. डा. नरेश मान बज्राचार्य
चक्रेश्वर, नेपाल बज्रयान महाविहार, लुम्बिनी

अशोकमण्डप धालसां असंत्वाया लिक्कसं च्वंगु दगु बाहाया भाईराजा साहु धालसां द्रव्यमान सिं तुलाधर नेवाः बौद्ध जगते दानया हेतुं नां दंम्ह छम्ह जजमान धालसां उपासक खः । जिं वय्कयात भचा सत्तिक म्हस्यूगु धैगु झिदँ-झिंछदँ ति दत जुई । नेपाले पञ्जराँ पर्व फ्यासुना वना च्वंगु ईले थुकियात हानं झः झः धायेके माल धका सामूहिक पञ्जराँ काः वनेगु ज्याझ्व दयेकागु जुल, नापं पञ्जराँ नं प्राप्त जूगु दां दक्वं लुम्बिनीई झीगु नेवा पहयागु विहार धालसां बाहा दयेकेगुलिई फ्यायेगु धैगु क्वःछिना थें दे न्यंक नाय्खिं नं च्वयेकागु जुल । वहे कथं दगु बाहाले नं सूचं बिसें पञ्जराँ का वनागु जुल । अन च्वना बिज्याःपिं दीपिं सकसिनं धयाथें झः झः धायेक पञ्जराँ ब्यूगु जुल नापं भाईराजा साहुजुं नं पञ्जराँ का वःपिं सकल गुरुजु गुरुमांजुपिनित म्हतिं म्हतियात दान-दक्षिणा बिया नं विहार दयेकेत अलग्ग दान बिया दीगु जुल । अनं निसें वय्कयात जिं भचा सत्तिक म्हस्युगु व वय्क नं जित म्हस्यूगु खः धासां ज्यु । वय्क भाईराजा साहुजुं अज्यागु खतं दान तःदँ मछि याना दिई धुंकुगु दु । च्वय् न्ह्यथनागु विहार निर्माणया लागिं पटक पटक याना आतक्क झिगू लख, निद्व, न्हय्स व न्हय्तका ( १०,०२,७०७ ) दान याना दिई धुंकूगु दु ।

लुम्बिनीई विहार दयेकेगु छुं छुं ज्या क्व चाचां वना च्वन । छन्हु वय्क साहुजुं जित नंसास च्वंगु थःगु छेंसं सता दिल, लुम्बिनीई विहार दयेका च्वंगु न्यना-स्वया सापहे लुदंगु खँ न्यंका दिल । गुरुजुपिं थः थःपिं हे लगे जुया विहार दयेका च्वंगु लसताया व सफलताया खँ खः धका साहुनी नं न्यंका दिल । नापं धर्मोदयसभायात प्राप्त जुगु जग्गाय् छुं हे ज्या पूमवंगु व बज्रयान धालसां नेवाः पहया विहार दयेके मफयाच्वंगुलिं निम्ह तिपू नं नुग मछिंगु खँ नं प्वंका दिल । जिं धया - धंदा कया दीम्वा, छन्हु बने जुई, आः दयेका च्वनागु विहार क्वचालकि जिं नं कुत याये धका भलसा बिया ।

अनंलि दयेका च्वनागु विहारया योजनायात साहुजुं कुत्तुकुला न्यना च्वना दिल, जिं नं फक्को चाक्को कना । वय्क नं धया दिल - विहारे गनं नं थाय् दतसा बा-मांया नामं धातुया सहस्रभुज लोकेश्वर द्यो छम्ह तयेदसा ज्यू धका धर्मचित्त प्वंका दिल । जि ला सापहे लय्ताया तुरन्त हे धया - साप हे जिल साहुजु, थाय् दु धया ।

द्यो दयेकेगु ज्या शुरु जुल, बरोबर द्यो स्वः वनेत साहुजुं जित ब्वना यंका दिल । छन्हुया दिने द्यो दयेकेगु ज्या क्वचाल । लुम्बिनी वना विहारे क्वापाद्योया खवपाखे च्वंगु दलाने गन वसपोल सहस्रभुज लोकेश्वर तयेगु खः अन न्यास तयेगु पूजा याना द्यो दिका पलिस्था पूजा नं क्वचायेका । साहुजुयात कलश मुले तया बेतालि चिका साहुनी सहितं छें जःपिनित सगं बियागु जुल । द्योया चुलिंचु सदां द्योया दर्शन जुया च्वनिगु कथं तिकिझ्याया जःखः वय्कया बाः मांया किपाः खानातयागु जुल । दँय् दसँ बुसाधं नं याना वया च्वनागु जुल ।

वसपोल सहस्रभुज अवलोकितेश्वरया यक्व खँ त दु । थन छगू जक खँ न्ह्यथने ।

छम्ह बोधिसत्व दयाच्वन उम्हसिनं सकल प्राणिपिं व थः समान खंका च्वन, सकलें हे थः, थः हे सकलें भापिया च्वन, अवलोकितेश्वर धाय्काः प्रख्यात नं जुया च्वन । “सर्वसत्वप्राणिपिन्त दुःखरुपी संसारं तरे याये मफुतल्ले आराम काये मखु अर्थात् निर्वाण लाभ याये मखु” धैगु प्रणिधान याना च्वन नापं बोचिसत्वचर्या नं याना च्वन । यक्वहे प्राणिपिन्त दुःखं मुक्त याना च्वन तर दुःखं मुक्त याये मानिपिं धाःसा अझ बाँकि दया च्वन । ल्यं दुपिन्त दुःखं मुक्त यायेगु ज्या यायां थःगु छ्यं झिंछकू टुक्रा जुया वन । अमिताभ बुद्धं थ्व घटना खना व छ्यंया झिंछकु टुक्रायात झिंछग छ्यं दयेका उम्ह बोधिसत्वयात छुना बिल । ताकि दुःखी पिनिगु पुकार न्यने फयेमा, छम्ह जक नं ल्यं मदयेक दुःखीपिं सकसितं



*लम्बिनीस्थित नेपाली बज्रयान विहारय् साहु द्रव्यमान सिंहपाखें स्थापना जूगु सहस्रभुज लोकेश्वर*

याकनं हे खने फयेमा, उमित दुःखं मुक्त नं याना बिये फयेमा। उसांनिसें उम्ह बोधिसत्व अवलोकितेश्वर एकादशमुख/शिर अवलोकितेश्वर नामं प्रख्यात जुल।

सकलयागु पुकारयात न्यना थें, सकलयागु दुःख खना थें सकलयात दुःखं मुक्त याना बियेगु लागि ज्या या यां दुगु ल्हा निपा नं त्वा दला वना, टुक्रा टुक्रा जुया च्वन। हाकनं छको अमिताभ बुद्धं उम्ह बोधिसत्व अवलोकितेश्वरयात दोछि ल्हापा छुना बिल, ल्हापा पतिकं मिखा नं छुना बिल, ताकि दोछिका ल्हा छ्चला याकनं हे सकलयात दुःखं मुक्त याना बिये फयेमा। अनंनिसें उम्ह बोधिसत्व सहस्रभुज सहस्रनेत्र अवलोकितेश्वर नामं प्रख्यात जुया बिज्यात।

सहस्रभुज सहस्रनेत्र अवलोकितेश्वर धयाम्ह करुणामय संपूर्ण प्राणिपिन्त दुःख मुक्त याना बिये, छम्ह जक दुःखी प्राणि ल्यं दतले नं थम्हं निर्वाण लाभ याये मखु धैगु उच्चकोटी बोधिसत्व आदर्शया चिं खः।

वसपोल दना च्वंगु धैगु निरन्तर क्रियाशीलताया चिं खः। दिपा मदयेक यायेमागु बोधिसत्वचर्याया चिं खः।

वसपोलयाके दोछि ल्हा व दोछि मिखा दयाच्वंगु धैगु बहुप्रतिभा व बहुकार्य (Multi talente and Multi task) या चिं नं खः। बोधिसत्वचर्या याइम्ह बोधिसत्व बहुआयामिक व्यक्तित्व जुइमाः धैगु आदर्शया चिं खः।

थुलि जुल सहस्रभुज लोकेश्वरया खँ। आ हाकनं भाइराजा साहुजुया खँ ल्हाये।

आतक्क वय्‌क साहुजुं खने दयेक याना थकूगु दानया बाखं मध्ये लुम्बिनी भ्गीगु नेवा पहःया विहार दयेकेत यानादीगु दानया बाखं दके चिहाकगु बाखं जुइफु। सिघःले धर्मकीर्त्ति विहार पुननिर्माण, लुम्बिनीइ धर्मोदयसभायात प्राप्त जूगु जग्गाय् पूमवनाच्वंगु थेरवाद विहारयात पूवंकेगु ज्या सहितं आपालं विहार निर्माणे याना थकादिगु ताः ताः हाकगु बाखं त यक्को दु व दक्को थन न्ह्यथना मच्वना, जिं न्ह्यथनां पू नं मवनेफु।

वय्‌क नं याना थकुगु दान-धर्मयात स्वयेबले व दक्कों छम्ह बोधिसत्वं सम्यक्संबुद्ध जुयेत बोधिचित्त उत्पत्ति यानाः बोधिसत्वचर्याया क्रमे न्हापां दानपारमिता धर्म पूवंकेत दानपारमिताया चर्या (अभ्यास) याना च्वनादिगु खः ला धयाथें च्वं।

थौं वय्‌कया देह (शरीर)या अन्त जुल तर चित्त संतति (परिवर्तनशील चित्तया निरन्तरता) द हे दनि। व चित्त संततिया अन्त अर्थात् निर्वाण तुरुन्त जुइ मखुनि। हाकनं प्रतिसन्धि ग्रहण याना पंचस्कन्धयुक्त जुया जन्म जुइतिनि, छाय्‌ले धासां अर्हत् जुम्हया जक प्रतिसन्धि ग्रहण अर्थात् जन्म जुइमखु। सकृदागामिफल लाभ जुम्ह नं मेगु छगू जन्म काइ तिनि। श्रोतापत्तिफल लाभ जूम्ह नं न्हेको तक्क जन्म काइतिनि धैगु बौद्ध विश्वास खः। अथे जूगुलिं वय्‌क भाइराजा साहुजुया पुनर्जन्म जुइतिनि थ्व निश्चित खँ खः।

नेपाले भ्गीगु बौद्ध समाजय् बौद्धधर्मया संरक्षण व संवर्द्धनया लागिं भ्गीगु हे समाजे वय्‌कया पुनर्जन्मया आवश्यकता दु। अथेजुगुलिं जिं थथे आशिका याना - भाइराजा साहुजु व वय्‌कया जहान-परिवारपिसं यानादीगु दान-धर्मं वय्‌कया पुनर्जन्म मनुष्य गतिइ, बुद्धक्षेत्र नेपाले, नयेगु-त्वनेगु, पुनेगु-तीगु, सयेकेगु-सिकेगु सकतां चूलाना च्वंगु परिवारे शील-समाधि-प्रज्ञायुक्तपिं मां-अबुया कोखे






प्रतिसन्धि ग्रहण जुयेमा, गर्भ परिपाक जुया इलं-ई जन्म जुयेमा, भिंपिं दाजु-किजा, तता-केंहे फुकि-वाकाय्, इष्टमित्र चूलाय्मा, शिक्षा-शीप-दीक्षा प्राप्त जुयेमा, सदा त्रिरत्नया शरण वनेगु चूलायेमा, बोधिचित्त स्थिर जुयेमा, पारमिताचर्या याये फयेमा, आयु, यश, विद्या-प्रज्ञा, जन, धन, सन्तान व चितासु (सप्तबृद्धि) प्राप्त जुयेमा अन्तय् त्रिबोधि अर्थात् श्रावकबोधि, प्रत्येकबोधि व सम्यक्संबोधि मध्ये दके तःजिगु बोधि सम्यक्संबोधि लाभ याना छगू जन्मे सम्यक्संबुद्ध जुयेमा ।

सत्जीव सकल जहान-परिवार छें दुजः सकलसियां आयु, यश, विद्या-प्रज्ञा, जन, धन, सन्तान सप्तबृद्धि जुयेमा, प्रणिधि बोधिचित्त लाभ जुयेमा, प्रस्थान बोधिचित्त लाभ जुयेमा धका नं सुवा बियाच्वना ।



# श्री साहुजी द्रव्यमानसिं तुलाधर 'सद्धम्म जोतिक धज' यात श्रद्धाया छपास स्वां

– लोचनतारा तुलाधर

थौंकनय् यें देया बहाः बही, विहार, विहारया ख्वाःपाः न्हू जुयाः पिलू वया च्वंगु दु । यैंया बौद्ध सम्पदात भ्रःभ्रः धाः । यें महानगरपालिकां यक्व हे यात का धकाः धया च्वना भ्रीसं ! तर यें महानगरपालिकां ज्या याये स्वयाः गुलिखे न्ह्यःः छम्ह ल्हासा साहुं याकःचां विहार पूवंक पुनः निर्माण याना दीगु अलय् छगू बहाःया ख्वाःपा द्यःछें पूवंक पुनः निर्माण याना दीगु खँ धाःसा चर्चाय् मवः । वय्कः साहुजुयात बौद्ध साहित्य परीचितपिसं आधुनिक बुद्धशासनया 'अनाथपिण्डिक' धायेगु याः सा वय्कलं गुण याना तःपिं सर्व साधारण व्यक्तिपिसं "साहु मखु वय्कः द्यः खः" धकाः तकं धायेगु याः । उम्ह महान् दानवीर दाता द्रव्यमान सिंह तुलाधर (भाइराजा तुलाधर) खः । नेपाःया बुद्ध शासनय् असंख्य कुशल कर्म संचय याना दीम्ह वय्कः साहुजुयात वय्कःया उच्च दान पारमिताया गुण कदर यासे म्यानमार सरकारं बु.सं. २५५० स "सद्धम्म जोतिक धज" थें जाःगु उच्च उपाधिं विभूषित याःगु खः । नेपाः पाखें गृहस्थ बौद्ध उपासकयात आःतक प्राप्त जूगु थ्व उपाधि वय्कःहे छम्ह जक खः ।

विवेकशील, उद्योगी, दूरदर्शी, मृदुभाषी, दयालु, धार्मिक व्यक्तित्वम्ह द्रव्यमानसिं तुलाधर साहुया चीहाकःगु म्हसीका थन न्ह्यब्वयेगु कुतः याये । यैं, असं दगुबहाःया अबुजु रत्नमानसिंह तुलाधर (चिकाजी साहु) व मां मोतिलानी तुलाधरया कोखं वि.सं. १९८८, भाद्र महिनास जन्म जुया दीम्ह वय्कः उगुईया मेमेपिं थें छेँस हे शिक्षा कया दीम्ह खः । वय्कःया पुर्खा निसें हे ल्हासा व्यापारीत जूगुलिं सन् १९४७ निसें सन् १९५५ तक वय्कः नं ल्हासा व्यापारय् हे थःत पानाःलि लिपा यैंय् हे वय्कलं बनेज्या याना दिल ।

चित्रकारिता, समाजसेवाय् नुगः क्वसाःम्ह वय्कःया विशेषं बुद्ध धर्मया उत्थानय् तःधंगु श्रद्धा दु । असं बाजं गुथिया अध्यक्ष, श्री दिगुख्यो गुथिया अध्यक्ष, धर्मकीर्ति विहार संरक्षण कोषया उपाध्यक्ष लुम्बिनी धर्मोदय स्वयम्भू स्तुप निर्माण कमिटिया कार्यकारिणी दुजः जुयादीम्ह वय्कलं थेरवादी विहार जक मखु मेमेगु सम्पदाय् नं आर्थिक दाता जुया दीगु दु । वय्कलं दान याना दीगु क्षेत्र स्वयेगु खःसां सामाजिक संस्था, साहित्यिक संस्था, सफू प्रकाशन, विहार निर्माण, धम्महल निर्माण आदि दुगु खःसा व्यक्तिगत रुपं माःपिन्त माःगु अवस्थाय् गुहालि याना दीगु गुलि दु गुलि !

संक्षिप्तं वय्कलं याना दीगु ज्याखँ छक्वः लुमंके – (१) रंग भूवन महाविहार अर्थात् वय्कःया कुल छेँ दगु बहाःया क्वाःपाः द्यः जीर्ण जुया च्वंगु न्हू याना दय्का ब्यूगु (२) श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांया नेतृत्वय् वि.सं. २०२२ सालं स्थापना जूगु धर्मकीर्ति विहार थी थी दातापिनि गुहालिं धस्वाना च्वंगु खः । ई वं लिसे विहार जीर्ण जुजुं वन । छिं छिं थे दयेका यंका च्वंगुलिं थासं नं मछिना वल । अथे जूगुलिं भाइराजा साहुजुं विहार सम्पुर्ण रुपं हे थुनाः दयेकेगु अनुमति फ्वन । श्रद्धेय धम्मवती गुरुमामं पुलांपिं दातापिं सःताः सहलह ब्याकाः अनुमति बिसेंलिं साहुजुं विहार पुर्णरुपं हे थुनाः वि.सं. २०५९ मंसिर ७ गते निर्माण क्वचायेकाः लःल्हाना दिल । (३) ऐतिहासिक निर्वाण मूर्ति किन्दोल विहार नं पुर्ण रुपं थुनाः दयेके माःगु अवस्थाय् उगु विहारया धम्महल व देगः दनेज्या (४) लुम्बिनी धर्मोदय स्तूप विहारया धम्महल निर्माण (५) मैत्री बुद्ध विहार, लुम्बिनीया प्रमुख दाता (६) गण महाविहार पुन निर्माणया प्रमुख दाता ।

आंशिक दाताया रुपय् थुकथं दु –

१) बुद्ध विहार भृकुटी मण्डप, यैं

२) अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्र, शंखमूल, यैं

३) सुलक्षण कीर्ति विहार, चोभार, यैं

४) गौतमी विहार, लुम्बिनी

५) जनबाहाः द्यःया दिंगि छेँ छगू तल्ला देय्का दीगु व



ध्यानकुटी विहार पुनः निर्माणको शिलान्यास कार्यक्रममा



पताः छाना दीगु
६) प्रणिधिपूर्ण विहार, बलम्बु
७) ज्ञानकीर्ति विहार, यैं
८) शाक्यमुनि कीर्ति विहार, सतुंगः
९) धम्मावास विहार, खुसिबुं
१०) म्यानमार नेपाल विहार, रंगून, म्यानमार
११) श्रीघ बुद्ध प्रतिमा, श्रीघः यैं
१२) ध्यानकुटी विहार, बनेपा

महायानी विहार निर्माणया आंशिक दाता थुकथं दु –
१) श्री वैशवर्ण महाविहार, यल
२) मैत्री बोधिसत्व, जमबहाः, यैं
३) नेपाली बज्रयानी महाविहार, लुम्बिनी

थीथी संस्थाय् आर्थिक गुहालि –

१) धर्मोदय सभा २) बौद्ध महिला संघ ३) विश्व शान्ति दायक समिति ४) नेपाल बौद्ध परियत्ति शिक्षा ५) प्रव्रजित दीप निर्माण कमिटी ६) सुखि होतु नेपाल ७) आचार्य भिक्षु कुमार काश्यप धार्मिक कोष ८) थेरवाद बुद्धिष्ट ऐकेडेमी ९) लोतस रिसर्च सेन्टर १०) धम्मवती गुरुमां स्वास्थ्य कोष ११) मनकामना मन्दिर ।

सामाजिक क्षेत्रय् खँ ल्हायेगु खःसा श्री अन्नपूर्ण बाजं गुथि, मेत्ता सेन्टर (वाल आश्रम), नेवाः नुगः, नेपाल भाषा मिसा खलः, आशा सफू कुथि, बिष्णुमती भ्वोलुङ्गे पुल निर्माण, आमाघर, स्वयम्भू धर्मपासा पुचः, बाखँ दबू आदि । थःम्हं यानागु ज्या गनं भाषण बियाः खँ ल्हाना जुइगु स्वभाव मदुम्ह शालीन व्यक्तित्व वय्कलं सफू प्रकाशनय् नं गुहालि याना दीगु दु । सफू प्रकाशनय् स्वय्गु खःसा – "भिक्षु ज्ञानपूर्णिक महास्थविर स्वर्ण महोत्सव स्मारिका"; "प्रतीत्य समुत्पाद" - ले. ज्ञानपूर्णिक महास्थविर; "शरण" - ले. सुवर्ण शाक्य; "Unbriddled Passion" - ले. दुर्गालाल श्रेष्ठ व मेमेगु आपालं सफूत । साहुजुया असंभलु अजिमा (अन्नपूर्ण अजिमा) या भोताहिति स्थित द्यःछैं दुने दुने जीर्ण जुया च्वंगु खना उकीयात जीर्णोद्वार यायेगु इच्छा तर थी थी प्राविधिक कारणं वय्कःया जीवनकालय् पूमवन ।

थी थी विहारय् धस्वाना च्वंगु बुद्धमूर्ति द्रव्यमानसिं तुलाधर साहुजुया नां सदां लुमंका तइ । नेपाःया बुद्ध शासनया इतिहासय् थ्व युग लुँ आखलं कियाः ल्यना च्वनी । पुण्यवान्म्ह साहुजुं गृहत्याग यानाः प्रव्रजित जीवन हना च्वना बिज्याःपिं भन्ते व गुरुमांपिन्त छुं मगाः मचाः मजुइमा धकाः च्यूता कया च्वना दी । उलि जक मखु बज्राचार्य गुरुजुपिं प्रति नं उलि हे श्रद्धा याना दी । वय्कः श्रद्धावान् साहुजुं थःगु जीवनया अन्तिम ई तक नं विहार निर्माण, धम्म हल निर्माण, बुद्ध मूर्ति दान यानाः पुण्य संचय याना दिलः बुद्ध मूर्ति दान जक मखु उकियात ल्वय्क जवं खवं स्वां, बिजुली मत, दराज आदि गुकथं छाय्पे ज्यू उकथं धम्म हल भ्रः भ्रः धायेकेगु सोच तकं वय्कःयाके दुगु जुया च्वन । जीवं काछि थुकथं ज्या याना भ्नी सर्वसाधारणयात वय्कलं पुण्यकार्य यायेगु थाय् दयेका थका दिल । उलि जक मखु थौंकनय् उपासक उपासिकापिं मुलेपतिं थ्यानाः च्वने थाकु धकाः धम्म हलय् फ्यतुइत मेचया न व्यवस्था याना दिल । थुलि सुविधा सम्पन्न धम्म हल थासं थासे दत नं भ्नी धम्म श्रवण, धम्म अभ्यास यायेत लिचिले मजिल । भ्नीसं धात्थे साहुयात श्रद्धा प्वंकेगु खःसा धम्म अभ्यास याये माल । अले साहुजुं पुनः निर्माण याना थकूगु सम्पदात रक्षा याना तयाः सुसा कुसा याना तये फयेके माल । अलय् जक भ्नीसं धात्थे वय्कःयात श्रद्धाञ्जली बियागु जुइ । ■

*पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु, पुण्य (कुशल कर्म) गर्दै जानु ।*
*आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।। यही नै बुद्धको उपदेश हो ।*

**बिश्व मोटर ट्रेडर्स**
ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# अद्भुतगु स्वभाव, वय्कःयागु



– डा. रीना तुलाधर *'परियत्ति सद्धम्म कोविद'*

जिगु जन्म इटुंबाहाःया बनिया कवलय् जुल। उगु इलय् नांदंम्ह उपासिका चम्पावती बनिया, गुम्ह कि भन्ते गुरुमांपिसं "विशाखा थें ज्वःम्ह दाता" धायेकाच्वंम्ह खः, उम्हश्रद्धावानम्ह उपासिका जिमि अजि खः। अनंलि श्रद्धावानम्ह उपासक अष्टमान सिंह बनिया जिमि बाः खः। श्रद्धावानम्ह उपासिका दिलशोभा बनिया जिमि मां खः। मचाबलय् भासं सिसांनिसें जिमि अजिं, जिमि मांमं जितः धर्मकीर्ति विहारय् ल्हाः ज्वनाः ब्वनायंका दिल। श्रद्धेय धम्मवती गुरुमां, श्रद्धेय मां गुणवती गुरुमां व श्रद्धेय अश्वघोष भन्तेपिनिगु छत्र छायाँय् बुद्धशिक्षा सयेके खन। अनंलि विवाह धुंकाः दानी दातापिं उपासक द्रव्यमान सिंह तुलाधर व बसुन्धरा तुलाधरपिनि भौमचा जुयाः जीवन न्ह्यात। **पुब्बे च कतपुञ्ञता एतं मंगल मुत्तमं** माने न्हापा याना वयागु पुञ्ञ दैगु मंगल धाःथें मखा जुइ जिगु जन्मस्थल व कर्मस्थल निगुलिं तथागत शास्ता सम्यक सम्बुद्ध व धर्मयाप्रति अगाढ श्रद्धा दुगु परिवार जुल।

विवाह यानाः परिवारय् ह्वनागु नं ३५ दँ पुल। जिमि बाःजु जुयादीम्ह दानीदाता द्रव्यमान सिंह तुलाधरजुयागु छगू अद्भुतगु स्वभाव खः वय्कःयाके नकारात्मक सोंच, नकारात्मक बानि व्यहोरा, नकारात्मक बोली वचन धैगु भ्याः भति हे खने मदु। गबलें छसः धैगु नं सुयातं ब्वःबीगु धैगु ला छखें ति, तसलं छसः हालादीगु तक नं न्यने मनं। थः जहान, मचाखाचा, थःथिति, इष्टमित्र, छरछिमेकी, ज्या याइपिं सेवकपिं सु छम्हसित धकाः हे तसलं हालाः ब्वःबियाच्वंगु सुनानं न्यने ननी मखु। सुं खनाः तंम्वयाच्वंगु धैगु नं खनी मखु।

जिं जीवनय् छकोयां छको लुमं। बाःया म्हुतुं छकूचा न्वाःगु सः तायागु। जिमि काय् राहुल डेढ वर्षति दुम्ह मचा तिनि अबलय्। मचाया भचा ज्वर वः। ज्वर वःम्ह मचायात तोता जि कलेजय् वनेमाल। कलेजय् कोर्स सिधयेके माःगु लास्ट दिन जुयाः विद्यार्थीपिं नाप मलासे मगाःगु जुल। उखुन्हु कलेजयागु ज्या सिधयेकाः छैंय् लिहां वयाबलय् बाःनं तीजक, नाइक, धायेथे मधायेथे यानाः धयादिल "ज्वर वःम्ह मचा तोताः कलेज मवंसा ज्यूगु छ"। थुलि खँग्वःत वय्कलं तसकं नाइगु सलं न्वानादीगु खः। उलिं का। मेगु छसः धैगु गबलें छाःगु खँग्वः न्यने मनं।

थौं नेपाःया आधुनिक बौद्ध ख्यलय् महादानी दाता धायेकावंम्ह वय्कः द्रव्यमान सिंह तुलाधरया छेँजः जुया ल्याखं वय्कःयागु विशेष अद्भुतगु स्वभाव छुं भचा न्ह्यबये।

**श्रद्धा चित्तया चर्चा** :

२०७७ सालया फागुण चैत्रपाखे वय्कःयागु स्वास्थ्य तसकं बांमलाःगु अवस्थाय् लाये धुंकूगु खः। नर्भिक अस्पतालय् ६ न्हु तक ला भेन्टिलेटरय् तल। होश मदु। Response हे मयाःगु अवस्था। आः छु जुइन अले छु जुइन धैगु ग्याःचिकुं थरथर खाना च्वनागु ई। अबाय्ती जि परित्राण का व जल ज्वनाः ICU लय् दुहां वना। भेन्टिलेटरय् तसकं थाकुगु अवस्थाय् बाःयात खना। नुगः भारभार मिन।

जिं "बाः परित्राण जल हया कयादिसँ" थुलि छु धया गबाय्सकं अद्भुत जुल। जल फयेत ल्हाः ल्होना दिल। ल्हाः तप्यंक तये मफु।भचा पाःलुक्क जक तयेफु। जिं परित्राण जल ल्हाःतिइ लुना बिया। म्हुतुइ वछ्यनय् जल ह्वलादिल।जल थासय् मलाः। ICU यालुखाय्संदनाः थ्व दृष्य स्वयाच्वंम्ह भ्री थःथिति छम्ह ला ताजुब जुल। "न्हाचः तक छफुति हे Response मदुगु। थ्व ला गजब जुल" धकाः वं धाल।

व हे ताकय् भेन्टिलेटरं लिकाये धुंकाः बाःया होश मदुगुलिं योयोथे नवाइगु जुयावल। खाना नके हे फइगुमखु।



अस्पतालबाट डिस्चार्ज भई आउनुहुँदा सगुन दिएको बेला नातिनी श्रावस्तीसँग खुशि हुँदै



९० वर्ष पुरा हुँदा मनाएको अन्तिम जन्मोत्सव




जीवनको अन्तिम अवस्था पुग्दासम्म पनि Wheelchair मै बसी काममा सक्रिय



अन्तिम अवस्थातिर श्रद्धेय कोण्डञ्य भन्ते सहित अरु भन्तेज्यूहरूले परित्राण पाठ गर्नुहुँदा श्रद्धापूर्वक श्रवण गर्दै अस्पतालको शैय्यामा

अजाःगु अवस्थाय् जिं "नमो तस्स धयादिसँ बाः" धालकि नमो तस्स तुरुन्त हे धाइगु । नमो तस्सधायेकु धायेकुं नकलकि नयागु हे मचायेक भपीगु । गबलें होश वयेकेत थथे धायेगु "बाः भ्री विहार उद्‌घाटन याये मानि मखुला, गण महाविहार, बुद्धविहार, ध्यानकुटी विहार स्वथाय् महापरित्राण यायेमानि मखुला" थथे धकाः न्यंकल कि खः खः धैथें पुरा हे होश वयाः नर्मल जुयावइगु ।

थुकथं बाःयागु अवस्था अनुसारं होश मदु थें नं च्वंगु अवस्था जुयाच्वंगु । डाक्टरपिसं वयाः छगू हे धयावनी "धैर्य गर्नुस्" इमिसं अवस्था भचा बांमलाः धैथें संकेत बियावनी । उगु इलय् कोरोना भाइरसयागु कारणं भन्तेपिं गुरुमांपिं ब्वनायंकाः परित्राण पाठ याकेगु इच्छा दःसां ग्याःचिकु जुयाच्वंगु । अजाःबलय् जिमि तता मीना तुलाधरं अस्पतालय् फोन याना हल जितः । ततां फोनय् धयादिल "अपाय्सकं श्रद्धावानम्ह साहुजीयात भन्तेपिं ब्वना हयाः परित्राण याकूसा ज्यू । भन्तेपिनित खनेवं लय्ताया: ल्वय् हे क्वलाये यो । न्ह्यागु जूसां भन्ते गुरुमांपिं छको स हे सःति" थथे धकाः ततां सल्लाह बियादीगु Blessing हे जुल ।

- जिं तुरुन्त जिमि श्रीमान् राजुयाके न्यना ।

- "ज्यू भन्तेपिं छको बिज्याके हे बांलाइ" धयादिल ।

- उघ्रिमय् कोण्डञ्ञ भन्तेयात फोन याना ।

- भन्तेनं "वयेगु ला तसकं इच्छा दु । कोरोना भाइरसयागु डरं वयेगु अनुमति मदुगुलिं जक मवसे च्वनाच्वनागु" धया बिज्यात ।

- छुं मिनेट जक दुने हे कोण्डञ्ञ भन्ते उघ्रिमय् अस्पतालय् थ्यंकः बिज्यात ।

अपाय्सकं बेहोशय् बांमलाक्क हालीगु अवस्थाय् लानाच्वंम्ह बाः । भन्तेया न्ह्योने गथे व्यवहार याइ थें धकाः जितः धन्ना जुयाच्वंगु । तर तसकं अद्‌भुत जुल । भन्ते जक मिखां खनेवं ल्हाः जोडये यानाः वन्दना भाव याना दिल । भन्ते नं धाःधाःथेंनमो तस्स नं ब्वनादिल । कोण्डञ्ञ भन्तेनं बाःयागु नाडि ज्वनाः परित्राण पाठ याना बिज्यात । अपाय्सकं बेहोशय् बांमलाक्क हालाच्वनादीम्ह बाः अतिकं हे शान्त जुयाः परित्राण पाठ न्यनादीगु खनाः जि अद्‌भुत चाया ।

- कोण्डञ्ञ भन्तेनं जिमित थथे धयाबिज्यात "साहुजीया स्मृति बांलाः धन्ना कयादी मते"

परित्राणया आनुभाव गथे मधाये । गबले शीलवानम्ह कोण्डञ्ञ भन्तेनं शुद्धगु बुद्धवचन परित्राण पाठ याना बिज्यात, अले श्रद्धावानम्ह उपासक बाःजु द्रब्यमान सिंहनं ग्रहण यानादिल । थ्व २०७७ चैत्र २ गतेया खँ खः । अनं लिपा ल्वय् हे हिलावल धाःसां ज्यू । वयां कन्हेखुन्हु डायलासिस यायेमाःगुलिं परित्राण याके मछिन धाल । अनं लिपाछसीकथं भन्ते वा गुरुमांपिं सःताः परित्राण पाठ याका । कन्हेखुन्हु निग्रोध भन्ते बिज्यात । वयां कन्हेखुन्हु खेमावती गुरुमांपिं बिज्यात । वयां कन्हेखुन्हु बोधिज्ञान भन्ते बिज्यात । वयां कन्हेखुन्हु करुणावती गुरुमांपिं बिज्यात । वयां कन्हेखुन्हु राहुल भन्ते बिज्यात । वयां कंसखुन्हु ला बाःयात ICU नं लिकानाः केबिनय् तल । अबले अनोजा गुरुमां बिज्यानाः परित्राण पाठ याना बिज्यात । वयां कंसखुन्हु ला बाःयात अस्पतालं डिस्चार्ज याना बिल । डिस्चार्ज याःखुन्हु सुथय् सोभित भन्ते बिज्यानाः परित्राण पाठ याना बिज्याःगु खः ।

थुकथं चैत्र २ गते निसें परित्राण पाठ नियमित याये धुकाः चैत्रया १२ गते बाःयात अस्पतालं डिस्चार्ज याना हया । जिमि केहेँ दीना कंसाकारं थ्व हे खँयात कयाः फोनय् धयाहल "च्यान्हु भिन्हु न्ह्यो तक अवस्था चिन्ताजनक धाःगु छिमिसं । आः ला डिस्चार्ज हे याइगु धाल । परित्राण पाठया हे प्रभाव मखुला थ्व"

अनं लिपा बाःयागु अवस्था बां हे लात । गन डाक्टरपिसं "धैर्य या" जक सिबें मेगु मधाये धुंकूम्ह बिरामीयात भिन्हुपुरा दुबलय् डिस्चार्ज यानाः छेँय् हया । छेँय् हयाः सगं बिया । बाःया तसकं योगु पिज्जा भपिका । अबले बाःनं धयादीगु आतलें लुमं "जि छेँय् वनाः पिज्जा छको नये धकाः मतिइ वयेकाच्वनागु छिमिसं ला छेँय् थ्यनेसात हे नकल" व दिन थौं थें लुमं । जिपिं भ्वछिसियां लय्ताःगु थाःगाः मदु । जिमि रहर बहर याना ।

गन तक जिगु विश्वास दु थ्व अद्‌भुतगु घटना जूगु धैगु धर्मया बलं कर्म सायेगु ज्या जूगु खः । छाय्कि उगु इलय् अपाय्सकं शीलवानपिं भन्ते, गुरुमांपिसं विहार पतिं बाःयागु स्वास्थ्य लाभया कामना यानाः परित्राण पाठ यानाच्वना बिज्याःगु खः । मेडिकल साइन्स व डाक्टरपिनिगु देन ला दुगु हे जुल ।

२०७८ या मंसिर महिना थ्यन । बाःयागु अवस्था बांलाः मजू । मिखा उस्त मचायेकू । आपाः ई न्ह्यो ला ज्वःला यानाः च्वनादी । गुलि न्हाय्पं लिक्क वनाः बाः बाः

धकाः सःतूसां मिखा हे कनादी मखु । खाना नकेत व वासः नकेत तकं मिखा मचायेकुगुलिं समस्या जुयाच्वनीगु । अजाःगु अवस्थाय् लानाच्वनीबलय् म्हुतुइ नयेगु तयाब्यूसां घुतकी नं मखु । मेडिसिटी अस्पतालय् अजाःगु अवस्थाय् लानाच्वंम्ह बाःयाथाय् परित्राण पाठ याना बिज्यायेत कोण्डञ्ञ भन्ते व सिरि वजिरा भन्ते निम्ह निमन्त्रणा यानाः ब्वनायंकागु ।

भन्तेपिं केबिनय् थ्यनेवं “बाः भन्तेपिं बिज्यात” धायेसात हे मिखा कनादिल । बाःनं मिखा प्वालाक्क कनेसात हे “कोण्डञ्ञ भन्ते” धकाः नवानादिल ।

कोण्डञ्ञ भन्तेया मास्क तयातःगु दयाः मिखा निगः जक खंसांनं तुरुन्त हे म्हस्यू । अपाय्सकं न्ह्योला ज्वःला जुयाः मिखा हे मकंगु अवस्थाय् नं भन्तेयात म्हसीकाः तुरुन्त हे कोण्डञ्ञ भन्ते धकाः नवाःगु जक मखु, तीजक ल्हाः संका बिन्ति यायेत स्वल । भन्तेपिसं परित्राण पाठ याना बिज्याःगु ध्यान बियाः न्यनादिल ।

- कोण्डञ्ञ भन्तेनं “छःपिनिगु निंतिं विहारय् परित्राण पाठ यानाच्वना” धयाबिज्यात ।

- “धन्यवाद” धकाः नर्मल जुयाः नवानादिल ।

- भन्तेपिं खनेवं हे वय्कःयागु न्ह्योला ज्वःला अवस्था तनावन । थ्व खः वय्कःयागु अगाढ श्रद्धाया नमूना ।

